# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १३ असार २०८१

# बिहीबार

# बैठक सङ्ख्या-१८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १३:१७ बजे प्रारम्भ भयो।

(१३:१९ बजे)सम्माननीय अध्यक्ष :- माननीय सदस्यहरू आजको राष्ट्रिय सभाको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय गंगा कुमारी बेलबासे ।

(१३:२० बजे)माननीय गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, नेपाली नागरिकता पाउनका लागि आमालाई तीन भागमा विभक्त गरिएको छ। बाबु नेपाली भएको आमा, बाबु विदेशी भएको आमा र बाबु पत्ता नलागेको आमा । नागरिकाता पाउने नेपालमा जन्मेका बच्चाहरूको अधिकार हो । आमा नेपाली भइसकेपछि नेपाली आमाले जन्माएका बच्चालाई नागरिकता पाउनुपर्छ भन्ने कुराहरू हामीहरूले उठाउँदै आइरहेका छौं ।अंश र वंशमा छोरीहरूको अधिकार हुनुपर्छ। वंशमा नेपाली महिलाहरूको अधिकार हुनुपर्छ भनेर

हामीले निरन्तर आवाज उठाइरहेका हौं, त्यसैले म के जोड दिन चाहन्छु भने नेपाली आमाले जन्माएका सन्तानहरू ..... (समय सकिएको ) ।

सम्माननीय अध्यक्ष :- माननीय सदस्य तारामान स्वाँर ।

(१३:२१ बजे)माननीय तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र):- अध्यक्ष महोदय, सरकारले आगामी साउनबाट सामाजिक सुरक्षा भत्तालगायतका सबै प्रकारका सार्वजनिक सेवा लिन नागरिकता भए पुग्ने भएमा राष्ट्रिय परिचय पत्र हुनुपर्ने व्यवस्था अनिवार्य गरेको छ। यसले एकातिर नागरिकता प्रमाणपत्रको महत्त्व घटेको छ भने अर्कोतिर विशेषतः वृद्ध, अशक्त, बिरामी नागरिकहरू र सामान्यतया आम नागरिकहरूले झन्झट र दुःख बेहोर्नु परेको छ। सरकारका कार्यक्रम र नीतिले नागरिकलाई असहज र दुःख दिने काम हुनुहुँदैन । तसर्थ, यसतर्फ सरकारको ध्यानाकर्षण गर्दै राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने व्यवस्था खारेज गर्न माग गर्दछु। धन्यवाद ।

सम्माननीय अध्यक्ष :- माननीय सदस्य तुलसा कुमारी दाहाल

(१३:२२ बजे)माननीय तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी एमाले) :- सम्माननीय अध्यक्ष महोदय, आज भर्खरै SEE रिजल्ट निस्केको छ। र उत्तीर्ण हुने सम्पूर्ण विद्यार्थीहरूलाई हार्दिक बधाई व्यक्त गर्दै उज्वल भविष्यको कामना गर्न चाहन्छु। जनकपुर नगरपालिकामा स्थापित एकमात्र जानकी वृद्धाश्रम जहाँ चाहिँ २०५३ सालमा स्थापित भएको थियो। महिला, बालबालिका मन्त्रालयले सहयोग गर्दै आइरहेको थियो । अहिले केही पनि सहयोग भएको छैन। अलि अलि स्थानीय तहले सहयोग गरेको छ। अलि अलि प्रदेशले गरेको छ। मासिकरूपमा ६०,००० हजार रूपैंया लाग्छ। औषधी उपचार गर्न नसक्ने, किरिया गर्न नसक्ने, स्वास्थ्य उपचार गर्न नसक्ने अवस्थाहरू सिर्जना भएको छ। तर यसतर्फ सरकारको ध्यान जान आवश्यक छ। सम्बन्धित तहको र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय विशेषरूपमा म ध्यानाकर्षण गर्न चाहन्छु। र त्यहाँ भएका महिलाहरूको चाहिँ, आमाहरू जो हुनुहुन्छ नागरिकताविहीन भएकोले सामाजिक सुरक्षा भत्ता पनि उहाँहरूले पाउन सक्नु भएको छैन। यसतर्फ पनि पहल कदमी लिन आवश्यक छ भन्दै आफ्नो भनाइ अन्त्य गर्छु। धन्यवाद ।

सम्माननीय अध्यक्ष :- माननीय सदस्य भगवती न्यौपाने

(१३:२३ बजे)मानननीय भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-सम्माननीय अध्यक्षज्यू, काठमाडौंका महत्त्वपूर्ण चोकहरूमा ट्राफिक लाइट जडान गरिएका छन्। ती बत्तीहरू प्रायः धेरै ठाउँहरूमा जडान गरिएको केही दिनमा नै काम नलाग्ने हुन्छन्। यस्तो किन हुन्छ भन्ने आज धेरैको प्रश्न छ। जब कि ती चोकहरूमा राम्रोसँग काम गर्ने बत्ती राख्ने हो भने सबैतर्फ जाने सवारी साधनहरूले राम्रोसँग बाटो काट्ने हुन्छन्। र अगाडि पनि बढ्न पाउँछन्। अर्कोतर्फ एउटा चोकमा ४/५ जना ट्राफिक राखेर अनावश्यकरूपमा जनशक्ति खर्चिने कुरा पनि अन्त्य हुन्छ। ट्राफिकको तजबिजमा भन्दा पनि ट्राफिक लाइटको इसारामा समय व्यवस्थापन गर्ने कुरा न्यायोचित हुन्छ । मोटरको स्पीड चेक गर्न पनि क्यामेरा बोकेर ट्राफिकहरू लुकेर बस्नुको सट्टा स्वचालित क्यामेराहरू जडान गर्न सके अपुग ट्राफिकहरूलाई सहज ढङ्गबाट व्यवस्थापन गर्न सकिन्थ्यो, यसतर्फ सरकारको ध्यान जाओस् । धन्यवाद ।

सम्माननीय अध्यक्ष :- माननीय सदस्य माया प्रसाद शर्मा

(१३:२४ बजे)माननीय माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, आज SEE परीक्षाको रिजल्ट निस्केको छ। सबै उत्तीर्ण विद्यार्थीहरूलाई भव्य शुभकामना व्यक्त गर्न चाहन्छु। बधाई दिन चाहन्छु ।उज्वल भविष्यको कामना गर्न चाहन्छु । बाढी पहिरोबाट जाजरकोटका शिक्षक इन्द्र बहादुर रोकायको मृत्यु भएको छ। ६ जना घाइते भएको छन् । काभ्रे र संखुवासभामा पनि त्यस्तै किसिमको घाइते भएको स्थिति छ आगजनीबाट। चट्याङ्गबाट कैलाली, जनावर स्याल, गैंडाबाट चितवन र काभ्रेमा लगायतमा ठाउँहरूमा जुन प्रकारको क्षति भएको छ, १८ जनाको मृत्यु भएको छ। उहाँहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। यस विशेष सावधानी अपनाउन पनि सरकारसँग माग गर्दछु। धन्यवाद ।

सम्माननीय अध्यक्ष :- माननीय सदस्य शारदादेवी भट्ट ।

(१३:२५ बजे)माननीय शारदादेवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्ष महोदय, वर्षायामको सुरूसँगै ७ वटै प्रदेशमा धेरै धनजनको विनाश भइसक्यो । हामी भजन मात्रै गाएझैं हार्दिक श्रद्धाञ्जली दिन बाध्य छौं। म अध्यक्षज्यूमार्फत नेपाल सरकारको जनता बचाउनु सबै प्रयास जारी राख्न जिउधनको रक्षा गर्न सरकारसँग जोडदार माग गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय सदस्य सुमित्रा बि. सी.

(१३:२५ बजे)**<u>माननीय सदस्य सुमित्रा बि.सि. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आजै मात्रै प्रकाशित भएको SEE परीक्षामा सफलता गर्नुहुने परीक्षार्थीहरूलाई म हार्दिक बधाई र उत्तरोत्तर प्रगतिको शुभकामना भन्न चाहन्छु। यसको साथै यो शिक्षामा ४७/८६ प्रतिशत सफलता प्राप्त गरेकोले बाँकी धेरै जसो विद्यार्थीहरू असफल भएको बाँकी २ विषय बढी विषय लागेकालाई पूरक परीक्षा दिन नपाइने र त्यो भन्दा कम लागेकालाई यही साउन १८ र १९ गते परीक्षा तोकिएको रहेछ। यसका निमित्त परीक्षा दिने विद्यार्थीहरूलाई अग्रिम मेहनत गर्दै अग्रिम सफलताको शुभकामना भन्न चाहन्छु र यस्तै गरेर देशभरि बाढी पहिरोले र चट्याङ्गले थुप्रै धनजनको क्षति भएको छ। यसको बारेमा सरकारको समयमै ध्यान जाओस् भन्दै ..... (समय सकिएको) ।

(१३:२६ बजे)**<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय सदस्यहरू शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय सदस्य सुरेश कुमार आलेमगर । समय १० मिनेट । यसपछि माननीय सदस्य कृष्ण बहादुर रोकाय ।

(१३:२७ बजे)**<u>माननीय सदस्य सुरेश कुमार आले मगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो रोष्टममा उभिएर म फेरि पुरूषवादी मानसिकता, पुरूषवादी आपराधिक सोचाइको सिकार भएकी एउटी बालिकाको बारेमा केही कुरा राख्न चाहन्छु सबैभन्दा पहिले। केही दिन अगाडि अछाम जिल्लाको विनायक पञ्चदेवल नगरपालिकामा एउटी बालिका छाउपडीमा बसेको बेलामा बलात्कृत भइन्। यो अपराधको लागि यो अपराध गर्ने, त्यो कुकर्म गर्ने त्यो व्यक्तिलाई सबैभन्दा पहिले कारबाही गरियोस्। निज बालिकाकै मामा भन्ने थाहा लागेको छ। समाचारमा त्यस्तै कुरा आएको छ। त्यो व्यक्तिलाई कडा भन्दा कडा कारवाही गरियोस् र निज बालिकालाई क्षतिपूर्ति केही दिइयोस् भनेर सम्माननीय अध्यक्ष महोदयमार्फत म सरकारको ध्यानाकर्षण पनि म गराउन चाहन्छु। सायद भौतिक क्षतिपूर्तिले मात्र हुँदैन होला मनोवैज्ञानिक मानसिक क्षतिपूर्तिको पनि आवश्यक पर्छ होला, त्यतातर्फ पनि सरकारको ध्यान जाओस् भन्ने कुरा राख्न चाहन्छु। यो बारेमा सम्माननीय अध्यक्ष महोदय, म के भन्न चाहन्छु भने कुरा यतिले मात्रै

हुँदैन। हामीले निश्चितरूपमा यस्ता कुकृत्यहरूको, यस्ता अपराधहरूको भण्डाफोर गर्नैपर्छ। यो कुकृत्यको म घोर निन्दा र भर्त्सना गर्न चाहन्छु तर यसको पछाडी पनि थुप्रै थुप्रै कुराहरू छन्। त्यतातर्फ पनि ध्यान जानुपर्छ ती पाटा पक्षतिर पनि समयमै ध्यान जान पर्छ भन्ने कुरा राख्न चाहन्छु। यस्ता कुकृत्यहरू जसले गरेतापनि निश्चितरूपमा ती आपराधिक क्रियाकलापहरू हुन्। त्यसको पछाडी केही भावनाहरू जुन छन् केही mind set हरू जुन छन्। त्यसको पनि हामीले विश्लेषण गर्नुपर्ने हुन्छ। यो पुरूषवादी मानसिकता महिलालाई एउटा यौनजन्य, सन्तान उत्पादन गर्ने मनोरञ्जनको साधन ठान्ने मानिस जो छ त्यतातर्फ पनि ध्यान जानु पर्ने हुन्छ यसको लागि निश्चितरूपमा हाम्रा मानसिकताहरूलाई पनि हामीले हटाउनु पर्ने हुन्छ। महिनावारी हुने प्रक्रिया यो नियमित प्राकृतिक प्रक्रिया हो। natural process हो यो त्यतिबेला महिलाहरूको लागि एउटा गम्भीर, संवेदनशील, महत्त्वपूर्ण अवसर हो त्यो यदि त्यस्तो भएन भने यो संसार अगडि बढ्दैन। समाजको विकास हुँदैन, मानवजातिको विकास हुँदैन। त्यस्तो बेलामा पनि यस्तो अपराध गर्ने कुरा त्यो आपराधिक कुरा त छँदै छ त्यस्तो अवस्थाको महिलालाई छुट्टै लगेर राख्ने जुन परम्परा छ।त्यो पनि घोर निन्दनीय छ। त्यो विशेष अवस्था भएको महिलालाई यसरी अलग्गै लगेर राख्ने कुरा तुरून्त बन्द गरिनुपर्छ ।राज्यले, सरकारले मात्र गरेर हुँदैन। प्रहरी प्रशासनले मात्र गरेर हुँदैन ।हाम्रो सिङ्गो समाजले गर्न पर्ने हुन्छ । हाम्रो यो मानसिकता बदल्नु पर्ने हुन्छ । होला यो मानसिकतालाई पनि हामीले ध्वंश गर्नु पर्ने हुन्छ । यतातर्फ चाहिँ सम्पूर्ण महिला साथीहरूको पनि ध्यान जानुपर्ने हुन्छ । निश्चितरूपमा त्यस्तो अवस्थामा सरसफाई गर्नुपर्ने हुन्छ । आफ्नो स्वास्थ्यको ख्याल गर्नु पर्ने हुन्छ। स्वास्थ्यलाई असर पर्ने कुनै पनि गतिविधि गर्नु हुँदैन। त्यसतर्फ ती महिलाहरूले ध्यान दिनै पर्ने हुन्छ। हामी पुरूषहरूले पनि ध्यान दिनुपर्ने हुन्छ। यो पाटो छ तर छुवाछुत गर्ने, यो केही मान्छेहरूलाई छुवाछुत गर्ने जस्तो परम्परा यहाँ पनि जुन छ त्यो पनि निन्दनीय छ। त्यसलाई हामीले भत्काउनु पर्छ। म अफसोचकासाथ भन्न चाहन्छु। केही महिलाहरूमा पनि त्यस्तो छ। धेरै टाढा किन जाने मेरै घरमा त्यो समस्या छ। यो अवस्था भएको बेलामा मैले त सामान्यरूपमा लिन्छु।र हाम्रो घरमा असामान्यरूपमा लिन्छन्। पुजापाठ त बन्द गर्छिन्, त्यतिबेला घिउसिउ केही निकाल्न पऱ्यो भने मलाई बोलाउँछन्। मैले उनको हात समातेर निकाल्न खोज्छु घिउ, यस्तो नगर एउटा नियमित प्रक्रिया हो यहाँनेर मेरो दोष त छैन। As a पुरूष, as a male, मेरो त दोष छैन नि । यो चिन्तन पनि विद्यमान छ । यसलाई पनि हामीले भत्काउनु पर्ने हुन्छ। यो कुरा मैले राख्न चाहन्छु जोडदाररूपमा, यो छाउपडीको प्रथा तुरून्तै बन्द गर्नुपर्ने हुन्छ सरकारले मात्र, राज्यले मात्र गरेर, नियम कानून बनाएर मात्र सायद भएन होला। सबै हामी सबै लाग्नुपर्ने हुन्छ।

सम्माननीय अध्यक्ष महोदय, यो निर्मल पुर्जा मगर हिमाल आरोहण गर्ने सम्बन्धमा थुप्रै विश्व रेकर्ड कायम गरेको व्यक्ति निर्मल पुर्जा मगर निम्स उसले जस्तै ८ मिटर भन्दा अग्ला १४ वटा हिमालहरू ७ महिनामा आरोहण गरेर विश्व रेकर्ड कायम गरेको छ । र Guinness Book of World Records उनको नाम दर्ज भएको छ। त्यसैगरी दोस्रो सबभन्दा अग्लो हिमाल के टु जुन पाकिस्तानमा अवस्थित छ त्यो उनी समूहमा चढेका थिए एक्लै उनी जान जान्थे तर उनले के गरे? नेपालीहरू थिए आरोही, ती सबैलाई पर्खेर एकैसाथ त्यो के टु हिमाल आरोहण गरे सबैले त्यहाँ नेपालको राष्ट्रिय गान गाए । यस्तो कसैले गरेको थिएन लगायतका थुप्रै थुप्रै रेकर्डहरू उनले कायम गरेका छन् । यस्तो व्यक्तिलाई पनि अहिले कारवाही गर्न लागिएको छ। निर्मल पुर्जा मगर त्यसलाई कारवाही गर्न लागिएको छ । यो यस कार्यको निन्दा र भर्त्सना गर्न चाहन्छु। उनीमाथि गरिने कारबाही तुरून्तै बन्द गरियोस् भनेर सम्माननीय अध्यक्ष महोदयमार्फत सरकारसँग माग गर्न चाहन्छु। हो निश्चितरूपमा उसले कुनै कानूनको उल्लङ्घन गऱ्यो होला त्यसको लागि सामान्य कारवाही गर्नु पर्ने हुन्छ। उसलाइ band गर्ने होइन, band गर्ने आवाज निर्मल पुर्जा मगरलाई पर्वताहोरण गर्न बाट बन्देज लगाइयोस् भन्ने माग उठेको छ। म त्यसको पनि, त्यो मागको पनि विरोध गर्न चाहन्छु। हो नियम कानूनको उल्लङ्घन गरेको छ भने यदि कसैले नीति नियमको नियम कानुनको उल्लङ्घन गर्छन् भने त्यसलाई कारवाही गर्नुपर्छ म त्यो मान्दछु। सामान्य कारवाही गरेर छोडिनु पर्ने हुन्छ। काँक्रो चोरलाई सामान्य २/४ थप्पड लगाउने हो सुलीमा चढाउने होइन यहाँ त्यस्तै गर्न लागियो भन्ने मैले सुनेको छु। त्यसैले म फेरी पनि सम्माननीय अध्यक्ष महोदयमार्फत यो सरकारलाई निर्मल पुर्जा माथि त्यस्तो घोर कारवाही नगरियोस् भन्ने माग गर्न चाहन्छु। यसको अर्थ गल्ती गर्ने सबैले छुट पाउनु पर्छ भन्ने होइन तर दण्ड अनुसारको मतलब उसको गल्ती अनुसारको दण्ड सजाय दिइनु पर्ने चाहिँ हुन्छ यहाँ त्यस्तो भइरहेको छैन ।केही कुरो गरेर राखेर उनीप्रति केही आग्रह पुर्वाग्रह राखेर यो कार्य गर्न लागिएको छ। यतातर्फ सबैको ध्यान जान जरूरी छ भन्ने कुरा राख्न चाहन्छु।

निरङ्कुश तानाशाही निर्दलीय पञ्चायती व्यवस्थाको कोशी अञ्चलको भूतलाई ब्युँताउँदै जुन कोशी प्रदेश बनाइएको थियो केही वर्ष अगाडि। यसका बिरुद्ध आन्दोलन चलेको थियो, पहिचानवादीहरूले आन्दोलन गरेका थिए, यो आन्दोलनको सिलसिलामा इलाम जिल्ला निवासी आशिष साम्बा भन्ने हस्तबहादुर लिम्बुलाई ७९ सालको चैत २२ गते समातेर आजीवन जेलमा राखिएको छ। उनीमाथि उनलाई तथाकथित आपराधिक उपद्रव चोरीको मुद्दा लगाएर राखिएको छ

। यो चोरीको मुद्दा सरकारले फिर्ता लियोस्, उसलाई अविलम्ब रिहा गरोस् । सरकार र पहिचानवादीहरूको बीचमा आन्दोलनकारीहरूको वार्ता चलिरहेको छ एकातिर भने अर्कोतिर त्यो आन्दोलनमा जेलमा कोचेर राख्ने अझै, यो सरासर गल्ती छ उनलाई तुरून्त रिहा गरियोस् सरकारले यो मुद्दा फिर्ता लिइयोस् । अदालतमा चलिरहेको यो मुद्दा सरकारले फिर्ता लिओस्, उनलाई तुरून्त रिहा गरोस् भन्ने माग पनि सम्माननीय अध्यक्ष महोदयमार्फत म राख्न चाहन्छु।

त्यसैगरी सम्माननीय अध्यक्ष महोदय, यतिबेला भष्टाचारको जगजगी छ । राम्रो कुराको जगजगी, विगविगी भए त हुन्थ्यो । भ्रष्टाचारको, घुसखोरीको, त्यसैले यो बारेमा म पनि केही कुरा राख्न चाहन्छु । केही समय अगाडि मुख्य सचिव कर्मचारीहरूको हाम्रो माओवादीको भाषामा भन्दा सुप्रिम कमाण्डर हाम्रो भाषामा सुप्रिम कमाण्डरले भ्रष्टाचार गरेछन् । उनीमाथि अख्तियारले मुद्दा दायर गरेको छ। उनी निलम्बनमा परेको छन्। हुनत उनीलाई फेरी राष्ट्रिय योजना आयोगमा लगियो भन्ने सुनेको छु। किन लगियो सायद मिल्छ कि मिल्दैन थाहा छैन थाहा छैन तर यो भ्रष्टाचारको जुन कुरा छ। उनले भ्रष्टाचार गरे पछि त उनीमाथि कारवाही हुनु पर्थ्यो त्यो ठिकै छ। विल्कुल ठिक छ त्यो । भ्रष्टाचारको कति कति बैकुण्ठ अर्याल, टेकनारायण पाण्डे, कुष्ण बहादुर रावत, राम कुमार श्रेष्ठ, शिशिर ढुंगाना, शंकर प्रसाद अधिकारी, भिम उपाध्याय, गजेन्द्र ठाकुर थुप्रो नाम रहेछ। यस्ता थुप्रो नामहरू छन् र यो उनीहरूमाथि जुन कारबाही भइरहेको छ, यो विलकुल सही छ भन्नै पर्ने हुन्छ। भ्रष्टाचारको सम्बन्धमा सम्माननीय अध्यक्ष महोदय, म के भन्न चाहन्छु भने यस्ता व्यक्तिहरूलाई कारवाही गर्न त जरूरी भइहाल्यो तर यो कारवाहीले मात्र पुग्दैन हामीले सिङ्गो यो समाज, यो राजनीतिक व्यवस्था तिर पनि जानुपर्ने हुन्छ। यो राजनीतिक व्यवस्था पनि कस्तो छ भने सबैले भ्रष्टाचार गर्छ। मलाई त के डर लाग्छ भने म पनि त्यस ठाउँमा पुगे भने मैले पो भ्रष्टाचार गर्छु कि। किन यो होल सिस्टम नै तस्ति चाहिँ खराब छ की जो पनि भ्रष्टाचारी बन्छ त्यसैले यसलाई बदल्नेतर्फ यो होल political सिस्टमलाई बदल्नतर्फ पनि हाम्रो ध्यान जानु पर्ने हुन्छ। त्यतातिर गएको हामी पाउँदैनौं। म के भन्न खोज्दै छु भने हाँगा विगालाई त हानिन्छ ।तर जरालाई हान्ने जरातिर ध्वंश पार्ने कुरा यहाँ गरिदैन त्यसैले आज बैकुण्ठ अर्याललाई कारवाही गर्‍यो भने भोलि अरूमाथि कारवाही हुन्छ त्यसैले सिङ्गो जरालाई ध्वंश गर्नेतिर लाग्नु पर्ने हुन्छ। यिनै कुरो राख्दै मेरो भनाइ यहीं अन्त्य गर्न चाहन्छु। धन्यवाद ।

**सम्माननीय अध्यक्ष** :- माननीय सदस्य कृष्णबहादुर रोकाय। समय ५ मिनेट। यसपछि माननीय सदस्य तुलसाकुमारी दाहाल।

(१३:३७ बजे)**माननीय कृष्णबहादुर रोकाय (नेपाली कांग्रेस)** :- सम्माननीय अध्यक्षज्यू, आज म एउटा दुःखद् प्रसङ्गबाट मैले आफ्नो कुरा सुरूवात गर्न गइरहेको छु। रूकुम जिल्ला मुसिकोट नगरपालिका वडा नम्बर ८ थोक्रेखोर भन्ने ठाउँमा हिजो विद्युतको पोल ढल्न गई मेन लाइनबाट करेन्ट लिक भई आज बिहान अन्दाजी ८:३० बजे सोही वडाकी झुपादेवी रोकाको मृत्यु भएको छ भने सुशिला वली, जमुना बुढा वली र चुकी वलि ३ जना गम्भीर घाइते भएका छन्। उक्त घटनाका मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र मृतक परिवारलाई उचित राहत र घाइतेहरूको निःशुल्क स्वास्थ्य उपचारको लागि सम्बन्धित निकायको म अध्यक्षज्यूमार्फत सम्बन्धित निकायमा ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, यो देशमा सरकार छ कि छैन यदि सरकार छ भने सरकारका मातहतका मन्त्रालय छन् कि छैनन्? हुन त यहाँ एकजना मैले मन्त्रीजीलाई सायद मन्त्रीज्यू पनि हुनुहुँदो रहेछ, यदि साँच्चिकै राज्य छ भने त्यसको अनुभूति जनताले गर्न पाउने हो कि होइन यो मेरो प्रश्न होइन, यो प्रश्न जाजरकोट, रुकुम पश्चिम र सल्यान जिल्लाका भूकम्पपीडित जनताले सोधेको प्रश्न हो मलाई त मात्र कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधि र रुकुम पश्चिमको नागरिकको हैसियतले ममार्फत प्रश्न सोधिएको हो।

सम्माननीय अध्यक्ष महोदय, २०८० कात्तिक १७ गते राती जाजरकोटको लामीडाँडलाई केन्द्रविन्दु बनाई गएको विनाशकारी भूकम्पको कारण रुकुम पश्चिम, सल्यान जिल्लामा ठुलो धनजनको क्षति हुन पुग्यो। जसका कारण जाजरकोटमा १०१, रुकुम पश्चिममा ५३ जनाको मृत्यु भएको थियो। जाजरकोटमा ४८ हजार रुकुम पश्चिममा ३५ हजार सल्यानमा ४२८० घर पूर्णरूपले क्षति भएका छन्। त्यस्तै जाजरकोटमा सरकारी भवन, १७ विद्यालय भवन २५० र स्वास्थ्य भवन ३३ वटा पूर्ण क्षति भएका छन् ।रुकुम पश्चिममा विद्यालय भवन २६८, स्वास्थ्य भवन ३० वटा पूर्णरूपमा क्षति भएका छन् ।

सम्माननीय अध्यक्ष महोदय, सरकारद्वारा प्रदान गरिने भनेको अस्थायी आवासको लागि पहिलो र दोस्रो किस्ता झन्झटिलो प्रक्रियाका कारण सबैले अहिलेसम्म प्राप्त गर्न सकेका छैनन्।

त्यसमा समयमा उनीहरूले प्राप्त गर्न नसक्दा आज थुप्रै मान्छेहरूले थुप्रै बैंकबाट ऋण लिएर सम्माननीय अध्यक्ष महोदय, म यो पत्रिकामा २०८१ असार १० गतेको कान्तिपुर पत्रिकाले भूकम्पपीडित जनताहरूको बारेमा थुप्रै कुराहरू लेखेको छ। उनीहरूले आफुले पैसा नहुँदा राज्यले पैसा नदिँदा उनीहरूले आफ्नो जग्गालाई धितोमा राखेर बैंकमा ऋण लिन बाध्य भएका छन्। र उनीहरूले आफ्नो घर बनाउन सुरु गरेका छन्। त्यसपछि जो मान्छेहरू टहरामा आज त्यो घरको लागत करिब करिब २० देखि ३० लाख रूपैंया चाहिँ लाग्ने अनुमान गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय आज जुन जुन मान्छेहरूको चाहिँ घरका टहरा थिए, अस्थायी बसोबास थियो । त्यसमा पानी पर्ने, पानी चुहिने र त्यसपछि सर्पहरू पस्ने एउटा खालको समस्या पैदा त्यहाँ भएको छ। त्यसकारण यदि हामीले मैले आजसहित करिब करिब सम्मानित सदनमा तीन पटक मैले विशेष समय लिएर त्यहाँका भूकम्पपीडित जनताका बारेमा मैले ३ पटक मैले बोले अहिलेसम्म सरकारको गम्भीर ध्यानाकर्षण बारेमा सम्माननीय अध्यक्षमार्फत मैले अनुरोध गरे अस्ति भर्खर मात्रै ९ गते संसदमा सम्माननीय अध्यक्ष महोदयले जुन चाहिँ अछाममा भएको जुन चाहिँ बलात्कृत बालिका छिन्। भूकम्पपीडितको बारेमा सम्माननीय अध्यक्षमार्फत मन्त्रालयका मन्त्रीलाई एउटा चाहिँ रुलिङ्ग भएको थियो। र त्यो रुलिङ्ग हुँदा १० गतेको दिनमा आएर सम्बन्धित मन्त्रीले आएर त्यो बलात्कृत बालिकाको बारेमा उहाँले जवाफ दिनुभयो तर भूकम्पपीडितको बारेमा यो ३ वटा जिल्लामा भएको जुन भूकम्पसम्बन्धी जुन समस्या छ। भूकम्पपीडितको बारेमा मन्त्रीज्यूको मौनता रह्यो। यसकारण सम्माननीय अध्यक्षज्यूलाई म अनुरोध गर्न चाहन्छु। हामी त्यहाँका जनप्रतिनिधिले हामीले त्यहाँको जनताको आवाज कहिलेसम्म उठाउन पर्ने हो यदि राष्ट्रिय सभालाई सरकारले अवज्ञा गरेको हो उपेक्षा गरेको हो। सरकार यो सम्माननीत सदनप्रति उत्तरदायी सरकार बन्न पर्छ कि पर्दैन उत्तरदायी हुन पर्छ कि पर्दैन त्यसकारण म सम्माननीय अध्यक्ष महोदय, हामी पटक पटक जनप्रतिनिधि एउटै विषयलाई उठाइरहने हो भने यो सदन भोलिको दिनदेखि सुचारू हुने कि नहुने त्यो बारेमा हामीले सोच्नु पर्ने हुन्छ ।

त्यसकारण सम्माननीय अध्यक्षज्यू, मैले फेरि पनि अनुरोध गरेँ कि सम्बन्धित मन्त्रालय, सम्बन्धित मन्त्रीको यो भूकम्पपीडित जनताको बारेमा गम्भीर ध्यानाकर्षण गराएर सम्माननीय अध्यक्षबाट फेरी पनि रूलिङ्ग होस् र यसको भोलि मन्त्रीले जवाफ दिनको निम्ति सम्माननीय अध्यक्षज्यूलाई म हार्दिक आग्रह गर्न चाहन्छु। धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष** :- माननीय सदस्य तुलसा कुमारी दाहाल। समय ७ मिनेट। यसपछि माननीय सदस्य सावित्री मल्ल।

(१३:४२ बजे)**माननीय तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी एमाले)** :- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले वर्तमान अर्थतन्त्रमा आएको मन्दी र शिथिलतालाई समाधान गर्नको निम्ति गहिरो प्रतिबद्धता, योजना र कार्यान्वयनको आवश्यकता छ। अर्थतन्त्रका ३ खम्बे अर्थनीति सरकारी, सरकार, सहकारी निजी क्षेत्रकोबिचमा सन्तुलन र समन्वय हुन आवश्यक छ। कर असुलीलाई प्रोत्साहन गर्दै नियन्त्रण गर्ने र कर वृद्धिको लागि दायरा विस्तार गर्नुपर्छ। विप्रेषणबाट प्राप्त भएको रकमलाई उत्पादनको क्षेत्रमा लगाउनु पर्छ। निजी क्षेत्रको लगानीलाई आकर्षण गर्नको निम्ति उद्योग स्थापना गर्नको निम्ति सहजता पैदा गर्नुपर्छ। लगानीमैत्री वातावरण बनाउँदै अघिल्ला सरकारले अघि सारेका राम्रा र सकारात्मक आर्थिक लाभ दिन सक्ने, आम्दानी दिन सक्ने योजनाहरूलाई निरन्तरता दिनुपर्छ। आफ्नो देशभित्र उत्पादन गर्न सकिने उत्पादनका वस्तुहरू पहिचान गर्दै उद्योग स्थापनामा जोड दिनु पर्ने हो। बाह्य क्षेत्र वा अन्तर्राष्ट्रिय क्षेत्रका लगानीकर्ता, उद्योगी, आप्रवासी नेपालीहरू जो नेपालमा लगानी गर्न चाहन्छन् उनीहरूको लागि पुँजीको सुरक्षा र विश्वासिलो वातावरण बनाई आकर्षण गर्ने नीति लिनु पर्ने हुन्छ। राष्ट्रिय गौरवका आयोजनाहरू आधा र अधुरा हुँदा खर्चिला बनेका छन् प्रतिफल दिन सकिरहेका छैनन्। चाँडै पूरा गर्ने योजनाहरू ल्याउनको निम्ति आग्रह गर्न चाहन्छु। आफ्नो देशको भूगोलको पहिचान गरी कुन जमिनमा के उत्पादन गर्न सकिन्छ माटोको परीक्षण गरी कृषि फलफूल उत्पादनमा जोड दिनु आवश्यक छ ।जमिनको चक्लाबन्दी गर्ने भूमी बैंकमार्फत खेती गर्न चाहने कृषकलाई जमिन उपलब्ध गराउने काम हाम्रो देशमा झण्डै ६०.४ प्रतिशत जनता कृषिमा आश्रित छन्। कृषि प्रधान देश भनिरहेका छौं। वर्षेनी नारा फेरिरहेका छौं। जनतालाई आशा देखाइरहेका छौं तर काम भने हुन सकिरहेको छैन। अघिल्ला कुनै वर्ष सरकारको तर्फबाट हाम्रो देशमा दुध, मासु अण्डालाई आत्मनिर्भर भनी घोषणा गरिएको थियो तर यसले निरन्तरता पाउन सकेन।

सम्माननीय अध्यक्ष महोदय, सरकार अविच्छिन्न सरोकारवाला निकाय हो। आवधिक निर्वाचनको माध्यमले जनप्रतिनिधिहरूको निर्वाचन हुन्छन् र सरकार बन्ने गर्दछ। कसैले कसैका कमी कमजोरीलाई देखाउनु भन्दा जनताको जिवनस्तरलाई उठाउनेतर्फ परिवर्तन गर्नेतर्फ सोच्न आवश्यक छ। ठुलो जनसङ्ख्या कृषि व्यवसायमा आश्रित छ। धेरै कृषि उत्पादन, पशुपालन,

समयमा मल बिउ प्रविधिको उपलब्ध गर्न सकेको छैन। सिँचाइको व्यवस्था तालिम सचेतना अनुदान सहुलियतपूर्ण ऋण पशु र बाली बिमाका कुराहरू चिस्यान केन्द्र, शित भण्डार फलफुलको स्वरूपमा परिवर्तन गर्ने प्रविधिसहितको उद्योग स्थापना गर्नुपर्ने हुन्छ। उदाहरणको रूपमा म के भन्न चाहन्छु भने अहिले आँपको सिजन हो। अत्यधिक मात्रामा आँप फलेको छ। ती आँपहरूमध्ये तराई मधेसमा मात्र झण्डै साढे ४ लाख मेट्रिक टन उत्पादन हुन्छ जसमा १६ अर्ब आम्दानी हुने अनुमान गरिएको छ। झण्डै ७६ प्रतिशत आँप उत्पादन हुन्छ तर आँप लामो समयसम्म रहन सक्दैन। यसलाई स्वरूपमा बदल्न सकिन्छ। स्वरूप बदलेर भण्डारण गर्न सक्यौं भने आँपबाट विभिन्न प्रकारका सामग्रीहरू उत्पादन हुन्छ। अचार, जुस, माडा लगायतका विभिन्न सामानहरूको उत्पादन गर्न सकिन्छ। लामो समयसम्म राख्न सकिन्छ। आँप मात्र होइन जुनार, सुन्तला, स्याउ उखु, कागती, निबुवा, लप्सी जस्ता वस्तुको पनि स्वरूप बदलेर लामो समयसम्म उपयोग गर्न सकिन्छ, बजारमा ल्याउन सकिन्छ। थोरै र सानो लगानीबाट धेरै उत्पादन गर्न सकिन्छ, यसतर्फ सरकारको ध्यान जान आवश्यक छ। अहिलेसम्म व्यावहारिकरूपमा जमिन वर्गीकरण हुन सकेको छैन। बसोबास गर्ने जमिन कुन हो खेतीयोग्य जमिन कुन कलकारखाना खोल्न सकिने जमिन कुन हो भनेर व्यवस्थित गर्न नसक्दा प्राकृतिक विपत्ति बेहोरिरहेका छौं। सहरी क्षेत्रका अधिकाङ्श जमिन भूमाफिया र विचौलियाहरूको हातमा छ। व्यापारिक प्रयोजनका निम्ति प्रयोग भइरहेका छैन ऐन कानून निर्देशिकाहरू त बनेका छन् तर व्यवहारमा कार्यान्वयन छैन सरकारले आम्दानी हुन सक्ने स्रोतको पहिचान गर्न सक्नुपर्छ र व्यवस्थापन गर्न सक्नुपर्छ पर्यटन क्षेत्र नेपालको मौलिक कला, संस्कृति, ऐतिहासिक गढीहरू, दरबार सङ्ग्रहालय, मन्दिर, प्राकृतिक सम्पदा, नदीहरू, स्वास्थ्य शिक्षाका क्षेत्रहरू, वन र वनजन्य क्षेत्रहरू वन पैदावरहरूको संरक्षण गर्नुपर्ने हो । यसतर्फ सरकारको ध्यान छैन । यातायात तथा हवाई सेवाको व्यवस्थापन, विकास, विद्युत उत्पादन र वितरण, होटल व्यवसाय, आधुनिक खालका बजार व्यवस्थापन, सहरी क्षेत्रमा बहाल करलाई व्यवस्थित गर्ने सिर्जनात्मकरूपमा लागू गर्न पनि सकिरहेको छैन।

सम्माननीय अध्यक्ष महोदय, देशको जनसङ्ख्या असन्तुलित भइरहेको छ। हिमाल पहाडमा अत्यधिक जनसङ्ख्या घटिरहेको छ । तराई र सहरी क्षेत्रमा जनसङ्ख्या बढेको तथ्याङ्क विभागले देखाइरहेको छ। पहाडी क्षेत्रमा अधिकाङ्श जमिन बाँझो हुने, जङ्गल बढेर जन्यजन्तु मानव बस्तीमा पसेर दुःख दिने गरेको छ। ग्रामीण तथा दुर्गम क्षेत्रमा राज्यले उपलब्ध गराउने सेवा सुविधा, विकास लक्षित गरिरहँदा प्रयोग गर्ने जनशक्ति युवाहरू आज विदेशिएका छन् । कतिपय घरहरूमा

ज्येष्ठ नागरिकको निधन हुँदा त्यो घरहरू खण्डहरमा परिणत भएको छ। आर्थिक विकास गर्न जनसरोकारका मुद्दालाई सम्बोधन गर्न तीन तहको सरकारको बिचमा समन्वय र सहकार्य हुन आवश्यक छ। यो समन्वय र सहकार्यलाई बन्न बाँकी एकल अधिकार र साझा अधिकारका सूचीका कुराहरूलाई पनि बनाउन आवश्यक छ। हामी हरेक वर्ष साझा अधिकारका सूचीका कुरा, एकल अधिकार सूचीका कुरा, समन्वय र सहकार्यका कुराहरू बारम्बार उठाइरहेका छौं, गरिरहेका छौं तर यसतर्फ सरकारको ध्यान जान सकेको छैन । त्यसैले आम्दानीका स्रोतलाई वृद्धि गर्नको निम्ति, देशलाई आम्दानीको स्रोतबाट बलियो बनाउनको लागि, नेपाली जीवनस्तरमा परिवर्तन ल्याउनको निम्ति सरकारले विशेष कार्यक्रम अगाडि ल्याउनु पर्छ । हामीले नारा मात्र बदलेर हामीले आश्वासन मात्र दिएर हुन सक्दैन। त्यसैले अलिकति पर्यटन क्षेत्रलाई विशेषरूपमा जोड दिनुपर्ने हुन्छ। पर्यटकहरू आएर त्यहाँ बस्न सकुन्। केही समय बिताउन सकुन्, त्यसको लागि यातायातको व्यवस्थाका कुराहरू, त्यहाँ भएका सम्पदाको संरक्षण गर्ने कुराहरू, नेपाली संस्कृति झल्किने प्रदेश अनुसार गर्न सक्छौं। हामीकहाँ सातवटा प्रदेश छन् । सात वटा प्रदेश अनुसारको अलग फरक खद्यान्नहरू, फरक संस्कृतिहरू, फरक ऐतिहासिक धरोहर रहेका कुराहरू देखाउन सक्छौं हामीले । यसतर्फ सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउँन चाहन्छु ।

<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य सावित्री मल्ल। समय १२ मिनेट। यसपछि माननीय सदस्य तुलप्रसाद विश्वकर्मा।

(१३:४९ बजे)<u>माननीय सावित्री मल्ल (नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी)</u> :- सम्माननीय अध्यक्ष महोदय, आज खुसीको खबर यो रोष्टममा उभिन पाउँदा म लक्की पनि छु। आज देशैभरका विद्यार्थीहरूको २०८० चैत्र १५-२७ गतेसम्म सञ्चालन भएको SEE परीक्षाको आज मिति २०८१ साल असार १३ गते राष्ट्रिय परीक्षा बोर्डले नतिजा प्रकाशित गरेको छ ।परीक्षामा सहभागी ४,७५,००० विद्यार्थीहरूमध्ये करिब ४७.८४ प्रतिशत विद्यार्थी मात्र परीक्षा उत्तीर्ण भएको यस नतिजाले देखाएको छ । बाँकी ५३ प्रतिशत भाइबहिनीहरू अनुत्तीर्ण भएको यो डाटामा पाइएको र सबै पास हुने विद्यार्थीहरूमा हार्दिक बधाई तथा उज्जल भविष्यको नेपालमै उच्च शिक्षाको उहाँहरूलाई प्रेरणा मिल्नेछ भन्ने शुभकामना पनि व्यक्त गर्न चाहन्छु। अनुत्तीर्ण पनि जुन ५३ प्रतिशत भाइबहिनीहरू हुनुहुन्छ । उहाँहरूको लागि यो नीति बजेट कार्यक्रममा जुन नेपाल सरकारले टेबुल गरेको छ, त्यसको लागि उहाँहरूको लागि आत्मनिर्भर र नेपालमा उहाँहरूको लागि

पढ्ने व्यवस्था मिलाइयोस् भन्ने पनि म यो रोष्टमबाट सम्माननीय अध्यक्षमार्फत उहाँहरूको ग्यारेण्टी पनि गरियोस् । भोलि सुसाइडको खबरहरू सुन्न नपरोस् भन्ने पनि म निवेदन र नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, यो रोष्टममा म नयाँ माननीय, यो रोष्टममा आएको पनि नयाँ दिन म ब्याडलक मेरो एउटा मात्र पुत्र थियो, म पुत्र शोकमा एक वर्ष करिब त्यो शोकमा भएको कारणले मलाई अलि उभिन गाह्रो, यहाँहरू सबैको म आजै कर्णाली प्रदेश १० वटा जिल्लाको माननीय शोकलाई शक्तिलाई बदल्ने मेरो त्यहाँको जुन कर्णाली बासीको अध्यक्ष, उपाध्यक्ष, मेयर, उपमेयर, त्यहाँको माननीय मन्त्री, म गठबन्धनबाट विजयी भएको सबैलाई म यही रोष्टमबाट आज उहाँले जुन शोकलाई शक्तिमा बदल्ने उभ्याउनु भयो म उहाँलाई सम्झिन चाहन्छु, सम्मान गर्न चाहन्छु, सबैलाई यहाँबाट धन्यवाद दिन चाहन्छु। किनभने म पहिलो रोष्टममा उभिएको कारणले सम्माननीय अध्यक्ष महोदय, वर्तमान सरकारले ल्याएको नीति तथा कार्यक्रम समाजवादउन्मुख आर्थिक-सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व सुशासन, विकास र सामाजिक न्यायसहित "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न प्रतिवद्ध भनेको नेपाली जनताको सुख समृद्धिका लागि संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै जनतामा राज्यप्रति आशा भरोसा जगाउँने गरी सरकारले आफ्ना नीति कार्यक्रम बजट टेबुल गरेको छ। ब्याडलक प्रतिनिधि सभा र राष्ट्रियसभा सचिवालयका कर्मचारीको त अस्ति आन्दोलन भयो, उहाँहरूको सम्बोधन पनि भयो, तलब वृद्धिका कारण उहाँहरूको सम्बोधन भयो ८ वटा प्रदेशमा ७६१ सरकारका कर्मचारीको तलब वृद्धि नभएको गुनासो अनि हामी तीन तहको सरकार २०६२/६३ सालको लोकतन्त्रले ल्याएको तीन तहको हामी स्थानीय, प्रदेश र संघ, यो राष्ट्रिय सभाले नीति निर्माण गर्ने, ऐन कानून बनाउने र पास पनि गर्ने सदनमा गुनासो हामीले ७ वटै प्रदेशको सुन्नु पर्ने, ७६१ वटा सरकारहरू छन् ।त्यहाँका राष्ट्रसेवक कर्मचारीको अवस्था तलब वृद्धि नभएर उहाँहरूको मनोबल घटेको र यो अस्तिको जुन भ्रष्टाचारले गर्दा कर्मचारीहरूको अलिकता मनोबल घटेको यो पनि नेपाल सरकारलाई यो ७६१ सरकार मात्र बनाउने, सिंहदरबारको अधिकार मात्र दिने तर दिनुपर्ने सेवा सुविधा सबै दिनुपर्छ, सिंह दरबारमा मात्रै यहाँ राख्नुहुँदैन भन्ने पनि म ध्यानाकर्षण गराउन चाहन्छु।

संविधान कार्यान्वयन, संघीयताको सबलीकरण, अर्थतन्त्रको सुधार र प्रस्ताव वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रबर्द्धन, सार्वाजनिक सेवा प्रवाहमा सुधार, सबलीकरण, नागरिकमैत्री सेवा, भ्रष्टाचार

नियन्त्रण जुन सरकारको मुख्य प्राथमिकतामा पर्दछ, शान्ति प्रक्रियामा शीघ्र तार्किक निष्कर्षमा पुऱ्याउन तथा स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्दै राष्ट्रिय हित प्रतिष्ठा र राष्ट्र स्वाभिमानको रक्षा गर्न सरकारको नीति कार्यक्रमले प्रतिबद्धता देखाएको दृढ छ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधान २०७२ जारी भएपश्चात् निम्न तहको सरकारको अधिकारको क्षेत्रलाई प्रष्ट पारेको छ। संघ, प्रदेश र स्थानीय तह र कानूनमा ढाँचा, एकरूपता ल्याउनु पर्छ भन्ने अहिलेसम्म पनि तल सूचना नभएको या कार्यविधि नबनेकोमा सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, आज म कर्णालीमा १० वटा जिल्ला छन्। अघि माननीय कृष्ण रोकायले धेरै कुरा भन्नु भएको छ म त्यही कर्णालीको प्राकृतिक स्रोतलाई स्थानीय जनताको समृद्धिमा उपभोग गर्न स्थानीय तह, नीजि क्षेत्रको सहकार्यमा कृषि र वन पैदावारमा आधारित समृद्धि सञ्चालन प्रणाली, उद्यमशिलता कर्णाली भन्ने कार्यक्रमा भनिरहँदा पनि अहिलेसम्म कर्णालीको रुकुम जाजरकोटमा भएको भूकम्प दैवी प्रकोप अहिले यहाँ कर्णालीका माननीय मात्र हेर्दा म त नयाँ यहाँ धेरै प्रतिनिधि सभा, यो राष्ट्रिय सभामा धेरै कर्णालीका विषयमा कुरा उठाउने तर सुनुवाइ चाहिँ नहुने रहेछ भन्ने मैले पनि बुझें । अब यो रोष्टमबाट धेरै कुरा भन्नु भएको छ। गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगार सुरक्षाका कुरा सरकारले जिम्मा लिने होइन र यो कोकाकुल कर्णाली कहिले योबाट मुक्त हुने कर्णालीमा आजमात्र रूकुममा भएको चट्याङ्गबाट मृतक कर्णालीमा अहिलेसम्म कर्णालीमा मात्र नभएर देशभरि मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न दुर्घटनामा पर्नु भएका देशभरिका सबैलाई हार्दिक श्रद्धान्जली गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै र न्यायको लागि उचित राज्यको ध्यान जाओस् भन्ने माग गर्दै म सम्माननीत अध्यक्षमार्फत फेरी यो रूकुम, फेरी यो जाजरकोट, अझ यो कर्णाली, म कर्णालीबाट प्रतिनिधित्व गर्ने माननीय यो रोष्टममा आएर फेरी त्यहाँको जुन भावुक अहिले पनि भावविह्वल अवस्था पानी छैन, बत्ती छैन, बाटो पुल छैन त्यहाँको बाटोको समस्या अहिले पनि टु लेन बाटो छैन, आज दुर्घटना कहाँ भो कर्णालीमा यहाँहरू न्युज सुन्ने यो रोष्टममा धेरै मन्त्रीज्यूहरू आएर आफ्ना justify पनि गर्नुभयो what is Karnali कर्णालीको बारेमा, अझ त्यो घटनाको बारेमा कसैबाट सम्बोधन भएको मैले सुनिनँ कि उहाँहरूले बोल्नुभएन नीति कार्यक्रममा राखेर हुन्न, बजेटको पनि व्यवस्था गरियोस् भन्ने म सम्माननीय अध्यक्षमार्फत ध्यानाकर्षण गराउन चाहन्छु।

त्यो १३ वटा खच्चरको पनि यहाँहरूले समाचार सुन्नुभयो । जुन पुल त्यो २०५८ सालतिर बनेको रहेछ, त्यहाँ अछाम र दैलेखको अझ म दैलेख गृह जिल्ला, दैलेख कर्णालीको म १० जिल्लाको माननीय दैलेख भनेपछि अझ चसक्क ल हेर्नुहोस्, जनावरले पनि सुख नपाउने, हाम्रो कर्णाली यहाँहरूले देखु भएको छ त्यो पुलमा खच्चरहरूको पूरा उद्धार गरिएको म त्यो कर्णालीको माननीय दैलेख भनेपछि छुट्टै हुँदो रहेछ नि । यो कहिलेसम्म योजना बनाउने गुणस्तर छ छैन त्यसको अनुगमन नगर्ने त्यसलाई EIA भन्ने पनि गरिन्छ पुलको वरिपरी गर्ने IEE, DPR त्यो भएको हो कि होइन सरकारबाट? तीन तहमा बजेट विनियोजन गरिन्छ। बर्षौं बजेटहरूको अनुगमन गर्रिंदैन यसलाई पनि यस्ता दुर्घटनाहरू घट्ने गरेको होकि भन्ने मैले महसुस गरेको छु। यसलाई अब कसरी लैजाने भन्ने कुरा नेपाल सरकार र यो राष्ट्रिय सभा, गरिमामय सदनबाट कर्णालीको बारेमा विशेष सोचियोस् र कर्णालीका आवाजहरू बुलन्द उठुन् ।

अहिले पनि तुइनमा घाँसका भारी बोकेको पुलमा झुन्डिएको फोटो त्यही कर्णालीकै हो । फेसबुकमा हेर्दा त यहाँहरूलाई सहज लाग्छ । हेर्दा चाहिँ, मन कटक्क पनि खान्छ तर नीति बजेटमा मेल खाँदा सम्बोधन त गरिएकै छ । मैले यसो सरसर्ती हेर्दा म अलिकति स्थानीय निकाय पनि चलाएर आएको हुनाले हेरैं नीति कार्यक्रममा समेटिएको छ । नेपाल सरकारलाई म धन्यवाद पनि दिन चाहन्छु तर प्राथमिकता दिँदा कुन पहिला हो भन्ने कुरालाई नि मध्यनजर गर्नुपर्छ। गृहमन्त्री यो रोष्टमबाट अस्ति बोलिरहँदा आफ्नो प्रतिबद्धता पनि जाहेर गर्नुभएको छ। त्यसको लागि म प्रतिबद्धता जाहेर गरेअनुसार काम गर्नुहुनेछ भन्ने धन्यवाद दिन चाहन्छु तर तीन महिना जेल ३ हजार जरिवाना २०७२ को धारा ३८ संविधानका महिलाका हक अधिकार के यतिले सम्बोधन हुन्छ? यहाँ राष्ट्रिय सभाका महिला माननीय सबैले उठाएका कुराहरूलाई मेरो आफ्नो ऐक्यबद्धता जाहेर गर्दै यो कुरालाई फेरी गृहमन्त्रीले आफ्नो जिम्मा लगेर यिनी कुरालाई थप अनुसन्धान गर्नुपर्छ । स्थलगत अनुगमन गर्नुपर्छ भन्ने म यहाँहरूको माझ राख्न चाहन्छु। गृहमन्त्रीज्यूको नेतृत्वमा यो छाउगोठ..... (समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा। समय ५ मिनेट। यसपछि माननीय सदस्य गोपाल कुमार बस्नेत।

(१४:०२ बजे)<u>माननीय तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:- सम्माननीय अध्यक्ष महोदय, आज म आफ्नो कुरा बारम्बार नेपालमा घटिरहने र बढी चाहिँ दलित समुदायमाथि घट्ने

बलात्कारको घटनाबाट सुरु गर्दै छु। अछाम जिल्लाको विनायक पञ्चदेवल गाविसमा छाउगोठमा जुन एक जना १६ बर्षिय दलित किशोरीमाथि जुन जघन्य बलात्कारको घटना घट्यो तर उनी रातभर बेहोस भएर मकैबारीमा फालिइन् ।

हस्पिटल लगेर उपचार सुरु गरेको ३ घण्टामा उनलाई होस आयो त्यसपछि बल्ल बलात्कारको घट्ना र बलात्कारी को थियो भन्ने कुरा थाहा भयो र यस खालको जघन्य अपराध गर्नेमा उनकै नाता मामा पर्ने १३ वर्ष ४ महिनाको व्यक्तिलाई अपराधीको रूपमा खडा गरिएको छ। चाहे अपराधी जो सुकै होस् उसमाथि सत्यतथ्य छानबिन गरेर कडा भन्दा कडा कारवाही हुनुपर्छ सम्बन्धित बालिकाले उचित क्षतिपूर्ति पाउनु पर्छ तर यहाँ एउटा अनुसन्धान गर्ने अनुसन्धानकर्मीहरू त्यस क्षेत्रमा कार्यरत रहने मानिसहरूलाई म अर्को चाहिनी यसको अर्को पक्षप्रति आफ्नो ध्यानाकर्षित गर्न विशेष अनुरोध गर्छु। कतै यो निर्मला पन्तको जस्तो घटना हुने त होइन। किनभन्दा १३ वर्षे ४ महिनाको बालकले बलात्कार गर्छ ती बालिका रातभर बेहोस हुन्छिन् यो कसरी सम्भव हुन सक्छ कतै खास अपराधीहरू पर्दा पछाडि लुकेका र उनीहरूलाई जोगाउनको लागि १३ वर्षको बालकलाई अगाडि सारिएको त होइन । यहाँ शङ्का गर्ने ठाउँ छ। यो prospective बाट पनि यस घट्नाको छानबिन गरियोस् । गहिराइपुर्वक भन्ने मैले माग गर्न चाहन्छु सरकारसमक्ष ।

त्यसैगरी पञ्चपुरी गाउँपालिका सुर्खेतमा यस्तै एउटा घटना घटेको छ। २० वर्षे कल्पना नेपाली उनको बाबाआमा रोजगारीका लागि भारतमा गएका उनले भाइबहिनी लिएर घरमा बसिरहेको अवस्थामा स्थानीय गाउँकै मदन कार्कीबाट बलात्कृत हुन्छिन् र सुरु सुरूमा म तिमीलाई बिवाह गर्छु भनेर भुलाउँछ पछि गर्भ रहेको थाहा पाइसकेपछि मदन कार्की फरार हुन्छन् र त्यहाँको रिपोर्ट अनुसार स्थानीय रिपोर्ट अनुसार गाउँलेले मिलेर उनलाई भगाइयो भन्ने छ। यसको पनि छानबिन उचित तरिकाले गर्नुपर्‍यो र अपराधीलाई सजाय दिलाउनु पर्‍यो। त्यस्तै अर्को घटना सुर्खेतकै आएको छ। शिक्षा सेवाको लोक सेवा तयारी गर्न आएको एकजना दलित बालिका विक थरकी उनलाई कार्यक्रमकै प्रमुखले बलात्कार गरेर उनी यता न उता भएर बसेको घटना पनि हामी अहिले सुर्खेत अनुगमनको क्षेत्रमा त्यो रिपोर्टहरू आएको छ । यस खालको घटनाप्रति सम्बन्धित निकाय र सरकारको विशेष ध्यान जाओस् पीडितहरूको पक्षमा, पीडितहरूले न्याय पाउन् र अपराधीले सजाय पाओस् भन्ने मैले माग राख्न चाहन्छु।

त्यसैगरी अहिले यहाँ माननीय सांसदले भन्नु भयो हाम्रो देशमा भ्रष्टाचार अत्यन्तै मौलाएको छ। आज भ्रष्टाचारको मेला लागेको छ। हाम्रा मुख्य सचिव बैकुण्ठ अर्यालको मुद्दा चलेको छ। त्यसको साथसाथै अन्य ८ जना उच्च ओहदामा बसेका वरिष्ठ कर्मचारीहरूको नाम पत्रपत्रिकामा आएको छ। अब हामीले जबसम्म हाम्रो मन्त्रालयका कर्मचारीहरूलाई स्वच्छ, शुद्ध र एउटा निष्पक्ष मानसिकताको रूपमा उनीहरूलाई कार्यरत गराउन सक्दैनौं त्यतिबेलासम्म यो भ्रष्टाचार उन्मुलन हुँदैन। यो भ्रष्टाचार भन्ने कुरा नियतसँग जोडिएको कुरा हो। मनोविज्ञान को कुरा पनि हो, यो नियत र मनोविज्ञानलाई कसरी बदल्ने भन्ने कुराको बारेमा पनि सरकारले ध्यान पुऱ्याउनु पर्छ । कति भ्रष्टाचारी किन भ्रष्टाचारी भए भन्ने कुरा त्यो कुन परिवेशले भ्रष्टाचार मौलाइरहेको छ त्यतापट्टी पनि सरकारले खोजबिन गरोस् एउटा भ्रष्टाचारीले भ्रष्टाचार गर्छ, त्यसलाई कारवाही गऱ्यो, त्यो भन्दा ठुलो भ्रष्टाचार गर्ने अर्को निस्कन्छ फेरी यो निरन्तर छ, क्रमिकरूपमा हरेक सेक्टरमा । त्यसैले यो भ्रष्टाचारलाई जरैदेखि निर्मूल गर्नको लागि सरकारले उचित कदम चालोस् र भ्रष्टाचारीहरूलाई कडा भन्दा कडा कारवाही होस् भन्ने मैले माग राख्न चाहन्छु। त्यसै गरी संसद सचिवालयको कर्मचारीहरूको सम्झौता भएको छ। सरकारले सम्झौता गऱ्यो भन्ने कुरा आएको छ। तर उनीहरूसँग गरिएको सम्झौता कार्यान्वयन होस् ।

<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य गोपाल कुमार बस्नेत। समय १० मिनेट। यसपछि माननीय सदस्य गोपाल भट्टराई।

(१४:०८ बजे)<u>माननीय सदस्य गोपाल कुमार बस्नेत (नेपाली कांग्रेस)</u> :- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म कृषिको क्षेत्रमा मेरा केही कुरा राख्न गइरहेको छु र मेरो भनाइलाई सबैभन्दा अन्तिम प्यारा म पहिले पास गर्न चाहन्छु। किनभने बीचमा यो छुट्न सक्छ । ठिक समयमा खेती उठाउन र खेती लगाउन मद्दत पुर्याउने भएकोले कृषि उत्पादनमा सहजै वृद्धि हुनेछ। तीन बालीसम्म यसकारण लगाउन सकिनेछ। घर घरमा स्वरोजगार बढ्नेछ । अतः विदेश जाने युवाहरूको सङ्ख्या घट्ने मात्रै होइन सङ्ख्या बढ्नेछ, विदेश गएका पनि स्वदेश फर्केर आउनेछन्। उत्पादन बढ्नेछ। किसानहरू आत्मनिर्भर हुनेछन् । कृषि तथा पशुपालन आदिको लागि स्कुल कलेज आदि खुल्नेछन्। निजी क्षेत्रपनि पनि विद्यामा अग्रसर हुनेछ यो एउटा गणतन्त्रात्मक नेपालको पुरस्कारको रूपमा किसानहरूले ग्रहण गर्नेछ। गणतन्त्र नेपालको प्रत्येक किसानलाई यो एउटा सुन्दर उपहार हुनेछ।अब यो मेरो भनाइलाई सपोर्ट गर्नका लागि सुरुतिर जान्छु । गणतन्त्र

नेपालको किसानलाई सुन्दर उपहार आदि अनादि कालदेखि आम नेपालीको पेशा भनेको कृषि नै हो। यसै पेशाबाट अधिकाङ्श मानिसको कृषिमै भए पनि अन्य अन्य अलग अलग पेसा अंगाल्दै गए पनि धेरै मानिसको सहायक पेशा अझै पनि कृषि नै छ । विगत वर्षदेखि मैले नेपाल सरकारको वार्षिक कार्यक्रम अन्तर्गत पेश गरिएको बजेटमा कृषकलाई खास कुनै फाइदा नभएको र यो कृषक अनुकूल बजेट हुन सकेन भनेर निवेदन गरेको थिएँ के गर्दा सरकारलाई, कृषकलाई प्रभावकारी उपयोगी बजेट पस्किन सकिन्छ भन्ने कुरामा भन्दा हिजो देखि के गरिआएको छ, त्यो निरन्तरता मात्रै भएको छ। सरकार हिजोको निरन्तरतामा मस्त छ। अधिकाङ्श किसानलाई आफ्नो कुरा सुनिदिने, बुझिदिने, बोलिदिने, मेरो आवश्यकता पूर्ति गरिदिने को छ भन्ने थाहा छैन। जे भएपनि म आफैंले बेहोर्ने हो भन्ने किसानले ठानेको छ। यसैलाई सरकारले पनि राम्ररी बुझेको छ र सरकार सोही अनुसार व्यवहार गर्छ किसानमाथि त्यसैले किसानको अभावको कुरा म यहाँ मञ्चबाट सुनाउने मौका लिन्छु ।

आजको किसानसँग हलगोरू छैन, ट्र्याक्टर राख्न सक्दैन, ट्र्याक्टर खोज्नु पर्ने हुन्छ, भाडा तिर्न सक्दैन। आजको किसानलाई माटो सम्याउने, बिउ छर्ने, धान काट्ने, धान झार्ने, थ्रेसर अन्य अत्याधुनिक मेसिनहरू, अन्य विषयका लागि सामान्य विषय भएपनि यहाँ सबै कुराहरू धेरै टाढाका विषय भएका छन् तर नेपालमा यही विषयलाई पनि किसानलाई थाहा छैन, जहाँनेर सरकार कोही आफन्त मन परेकालाई देशभरमा २/४ वटा हाते ट्र्याक्टर दिन्छ अनि साना किसानहरूलाई अनुदानहरू भनेर केही पैसा बाँड्छ । म यही साना मसिना कामलाई व्यवस्थित प्रभावशाली ढङ्गले बाँड्नका लागि हुन सक्ने व्यावहारिक ज्ञान, व्यावहारिक सल्लाह सरकारलाई दिन चाहन्छु। यी सबै किसानलाई वितरण गरी सहजै व्यवस्थापन गर्न सकिन्छ । मान्छेपिच्छे, घरैपिच्छे सामान वितरण गर्न सकिन्न, साझा २/४ घरलाई दिएर पनि हुँदैन। त्यसैले अहिले पहिलोपल्ट किसानलाई प्रयोग गर्नका लागि वडा इकाइमा साना किसान सेवा केन्द्रको आवश्यकता गरिदिउँ। त्यसको अभिभावकत्व, जिम्मा गाउँपालिका, नगरपालिका, पालिकाहरूले लिउन् । ट्र्याक्टरलगायत सबै सामान भाडा समयमै किसानले समयमै सबै नै तोक्छन्। तोके अनुसार चलाउनका लागि किसानले आफैं तोकुन्। किराय तोक्दा तेल, पानी, ड्राइभरको तलब सामान्य खर्चहरूलाई पुग्ने गरी तोकियोस्। हिसाब किताब आफैं वा पालिकाले राख्नेछ । जसले पहिला पैसा तिर्छ उसैले पहिला ट्र्याक्टर प्रयोग गर्न पाउँछ। त्यहाँ हारालुछ, मेरो पहिला भन्ने हुन्न सरकार किसानलाई अत्याधुनिक औजार जुटाउन प्रतिवद्ध छ भनेर भन्छ तर जुटाउँदैन । यी वर्षौंदेखि भनिआएको कुरा हो । ट्र्याक्टरमा हलोबाहेक सामान ओसार्ने मालसामानको काममा प्रयोग गर्न पाइने छैन । ट्र्याक्टरलाई

खाली हलो जोत्ने काममा मात्र प्रयोग गर्न पाइनेछ। केन्द्रमा साना ठुला हाते ट्र्याक्टरहरू, धान रोप्ने मेसिन, धान काट्ने मेसिन, थ्रेसर, कल्टिभेटर विभिन्न साइजको हलो, कुटो, कोदालो ल्याउन विभिन्न ट्याङ्कीहरू आदि इत्यादि राखिनेछ जसको व्यवस्थापन नगरपालिकाले पालिकाको वडामा व्यवस्थापनको एउटा कार्यालय खोल्ने छ र त्यहीँ गर्नेछ । सरसामानको राखनधरनमा गाउँ/नगरपालिकाले व्यवस्थापन गर्न सहयोग गर्ने छ।

यी व्यवस्थापन हाललाई तराईको २० जिल्लाको लागि मात्र हो । हाललाई तराईको २० जिल्लामा प्रत्येक घरमा ५/१० वटा वार्डमा गर्न सकिन्छ । त्यसपछि २० सै जिल्लामा बिस्तारै बिस्तारै लागु गरौं भन्ने मेरो भनाइको अभिप्राय हो ।हाललाई तराईको २० जिल्लाको घरमा ५/१० वडामा प्रयोग गर्न सकिने छ । सबै सामानको व्यवस्थापनमा १/१.५ करोड लाग्ला। सामान राख्नको लागि घेरा घेरा ढोका भएको उचित व्यवस्थापन नगरपालिकाले गरिदिनेछ । प्रत्येक वडामा खेतीपातीमा पोख्त जेटिए राखिनेछ। जसले कुन खेती कहिले गर्ने मल, बिउ, माटो बनाउने घाम पानी आदिको सल्लाह दिनेछ, १/२ वडामा १/२ प्राविधिकहरू राखिने छ। विभिन्न विषयका फलफूल, बालीनाली, कुखुरा पालन, मौरी पालन, च्याउखेती, मकै, गहुँ, जौ, दाल खेतीको व्यवस्थापन प्रणालीको लागि एउटा विशेषज्ञ राखिने छ । ती विशेषज्ञहरू गाउँपालिकामा हुने छन् र गाउँपालिकाको प्रत्येक वडामा पालो राखेर उनीहरूले गाउँ गाउँ घुम्नेछन् । र गाउँमै विशेषज्ञ हरूको र जेटीएहरूको हाजिराको पनि व्यवस्था हुनेछ ।

सम्माननीय अध्यक्ष :- माननीय सदस्य गोपाल भट्टराई। समय ८ मिनेट । यसपछि माननीय सदस्य दुर्गा गुरुङ्ग ।

(१४:१९ बजे)माननीय सदस्य गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी एमाले):- सम्माननीय अध्यक्षज्यू, अहिले देशैभरि यो बाढी पहिरोको विगविगी छ । मनसुन सुरू भएको केही दिनमा नै धेरै जनधनको क्षति भएको छ। यसतर्फ हामी सचेत हुन जरूरी छ। सर्वप्रथम आज देशभरिका SEE दिने विद्यार्थीहरूको परीक्षाफल प्रकाशित भएको छ। पास हुने सम्पूर्णलाई बधाई । धेरै पास हुनुभएको छैन । ५० प्रतिशत भन्दा बढी ५२ प्रतिशत फेल भएको भन्ने छ । उहाँहरूको पुनः परीक्षा हुने होला, पुनः परीक्षामा सफलता मिलोस् भन्ने कामना गर्न चाहन्छु । खास गरेर अहिले धेरै ठाउँमा बाढी पहिरोको कारणले मृत्यु भइरहेको छ । धेरै जनधनको क्षति भएको छ। मृत्यु यही २/३ दिनैको बिचमा करिब २७ जनाको मृत्यु भएको छ। ती २७ जनामध्ये लमजुङमा ५ जना,

मोरङ्गमा ३ जना, कास्कीमा २ जना, ओखलढुङ्गामा १ जना, झापामा १ जना र बाढी पहिरोबाट यति छ भने चट्याङ्गबाट कैलालीमा २ जना, झापामा २ जना, रोल्पामा २ जना, कपिलवस्तुमा २ जना र सुनसरीमा १ जना । यस्तै अर्को पनि आजै रातीको समाचार आएको छ, पर्वतमा ३ जना र स्याङ्गजामा १ जनाको मृत्यु भएको छ । बाढी र पहिरोबाट मृत्यु भएको यस्तै रूकुममा पोल ढलेर मृत्यु भयो, एउटा दुर्घटना भयो यो क्षति रोक्न सकिने कुराहरूमा हाम्रो ध्यान पुगेको छैन कि भन्ने मलाई लाग्छ । किनभने अहिले यो साल मनसुन अघिल्लो, अघिल्लो सालकोभन्दा धेरै वर्षा हुने करिब ३०/४० प्रतिशत नै बढी वर्षा हुने सम्भावनाको प्रक्षेपण छ ।

त्यसतर्फ हाम्रो ध्यान जान पर्ने हो, त्यो ध्यान अझै पुगेन कि भन्ने मलाई लाग्छ किनभने जहाँ बस्नलायक ठाउँहरू छैनन् ती ठाउँहरूबाट मान्छेलाई सिफ्ट गर्ने र सुरक्षित ठाउँमा राख्ने कुरामा हामी चुकेका छौं । धेरै वर्ष देखि यो कुरा उठिरहेको छ। जहाँ जहाँ अप्ठ्यारो छ जहाँ जहाँ भूस्खलन हुन्छ त्यस्ता ठाउँका मान्छेहरूलाई सुरक्षित ठाउँमा सार्ने भन्ने पटक पटक कुराहरू उठेको छ । त्यसतर्फ सरकारले जवाफ दिएको छैन ।त्यसतर्फ काम पनि गरेको देखिँदैन । त्यसो भएको हुनाले अब हामी त्यसको निम्ति ढिलाइ गर्नु हुँदैन । सुरक्षित ठाउँमा आवासको व्यवस्था गर्नुपर्छ भन्ने मलाई लाग्छ । खासगरी पहाडी क्षेत्रमा भूस्खलनको अवस्था असाध्यै जटिल र डरलाग्दो छ ।त्यो भूस्खलन के के कारणले छ भने एउटा पटक पटक भूकम्प गइरहेको छ । अर्को यो बजेटलाई साना साना बाटाहरू बनाउने स्काभेटर चलाउने र त्यो ठाउँमा पहिरो जाने, त्यसलाई रोक्न सकिएन भने पनि योजनाविनाकै बाटोहरू बनाउने र भूस्खलित बनाउने र पहिरोको जोखिम सधैंभरि भइरहने केही मान्छेहरूले पैसा कमाउनेको निम्ति गर्ने र यता क्षति भइरहने, जोखिम भइरहने मान्छेहरू विस्थापित हुने अवस्था हुने भएको हुनाले त्यसालाई पनि राज्यले कस्तो खालको नीति लिनुपर्छ त्यसको योजनाबद्ध सडक निर्माणको नीति राज्यले लिनुपर्छ । जहाँ पायो त्यहीं बाटो खन्ने प्रवृत्तिलाई तत्काल रोक्नुपर्छ भन्ने मलाई लाग्छ। अर्को कुरा विगत जाजरकोट, रूकुम र सल्यानलगायतका जिल्लाहरूमा भूकम्पले क्षतविक्षत गराएको छ। अहिलेसम्म वर्षाको चाप त्यहाँ परेको छैन त्यसो भएर अलिकति त्यतातिरको समाचारहरू कम आएको छ।

अहिले अन्यत्र भएको वर्षाजस्तो त्यहाँको वर्षाको चाप बढ्यो भने त्यहाँका मान्छेका हालत के होला? र त्यहाँको भूस्खलनको अवस्था खतरनाक छ । त्यसो भएर भूस्खलन अझ कति हुने हो? कति मान्छे पुरिने हुन् कति मान्छे मर्ने हुन्, भूकम्पले मरेको भन्दा धेरै मान्छे मर्न सक्ने सम्भावना

छ । त्यसो भएको हुनाले सुरक्षित आवासको निम्ति त्यहाँको जोखिमयुक्त ठाउँहरूलाई पहिचान गरेर तत्काल सुरक्षित ठाउँमा त्यहाँका जनतालाई सुरक्षित ठाउँमा लानुपर्छ भन्ने मलाई लाग्छ । अर्को कुरा त्यहाँको धेरै कुरा उठिसक्यो । पटक पटक यो सदनमा चाहिँ कुरा उठिरहेको छ। अहिलेसम्म राहतको पैसा पनि सम्पूर्ण पीडितहरूले प्राप्त गर्नुभएको छैन। र अहिलेसम्म पुनर्निर्माणको कार्यविधिसम्म पनि बनिसकेको छैन । कार्यविधि चाँडै तयार गर्ने पुनर्निर्माणको काम सुरू गर्नलाई म आग्रह गर्न चाहन्छु। कसैले ऋण काढेर पनि पुनर्निर्माण गर्छ, आफ्नो घर निर्माण गर्छ उनीहरूको त्यसलाई मूल्याङ्कन गरेर राज्यले दिने पैसा दिने गरी योजना बनाउनु पर्छ, नबनाउने हो भने राज्यको तर्फबाट बन्ने घरमा बस्न पाउँछु भन्ने मानसिकतामा त्यहाँका जनता छैनन् । त्यसो भएको हुनाले त्यसतर्फ पनि राज्यले कार्यविधिमा त्यो व्यवस्था गरोस् भन्ने आग्रह गर्न चाहन्छु। अहिले तत्काल त्यहाँ राहतका कामहरू नपुगेका, राहतका कामहरू तत्काल पुऱ्याइयोस् भन्ने भनाइकासाथ मेरा भनाइ अन्त्य गर्छु। धन्यावद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य दुर्गा गुरूङ्ग। समय ९ मिनेट। यसपछि गोपी बहादुर सार्की आछामी ।

(१४:२८ बजे)<u>माननीय दुर्गा गुरूङ (नेपाली कांग्रेस)</u> :- सम्माननीय अध्यक्षज्यू, म द्वन्द्वपीडित भएकै कारणले फेरि पनि म द्वन्द्वपीडितको विषयमा बोल्न गइरहेको छु। सरकारको ध्यान जाओस् सम्माननीय अध्यक्षज्यू, नेपालमा २०५२ साल फागुन १ गतेबाट सशस्त्र द्वन्द्व सुरू भयो २०६३ मंसिर ५ गते विस्तृत शान्तिसम्झौता भयो । आज विस्तृत शान्तिसम्झौता भएको १७/१८ पुग्दा पनि सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन नसकेको अवस्था छ। पटक पटक आयोगहरू ब,ने आयोगहरूले ८ वर्ष बिताए द्वन्द्वपीडितलाई न्याय, सत्यनिरूपण, झिनो आशा पनि पूरा गर्न सकेन। राजनीतिक दलहरूले विभिन्न मञ्चहरूमा, विभिन्न भेटघाटहरूमा, विभिन्न बैठकहरूमा सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउँछु भन्छन् तर आजका दिनसम्म प्रतिबद्धता पूरा गर्न नसकेर, प्रतिवद्वता गरेको झुटो सावित भएको पाइन्छ । द्वन्द्वसँग सरोकार नराख्ने निशस्त्र व्यक्ति हत्या गरेका, बेपत्ता पारिएकालगायतका घटनाका पीडितका परिवारलाई तिम्रा परिवार गुमायौ, अब बिर्सिदिउ, अब मेलमिलाप गर भन्ने जस्ता अभिव्यक्ति द्वन्द्वपीडितले सुन्न पर्दा पीडितलाई झनै पीडा थपिएर, द्वन्द्वपीडित झनै पीडामा छटपटिएर बाँचिरहेको अवस्था छ। यस्ता अभिव्यक्तिले द्वन्द्वपीडितको पीडालाई थप पीडा दिएको अवस्था छ।

सम्माननीय अध्यक्षज्यू, द्वन्द्वपीडितको वर्गीकरण गर्न आवश्यक द्वन्द्वसँग सरोकार नभएको व्यक्ति, हत्या गरिएका व्यक्ति पनि पीडित, हत्या गर्ने व्यक्ति पनि पीडित, त्यसैले पीडित को हो पीडक को हो? वर्गीकरण गर्न अति जरूरी छ। अहिलेसम्म पीडितभन्दा पीडकलाई उन्मुक्ति दिने तरिकाले सरकारले हेरेको अवस्था छ। पीडित समुदायको मागलाई सम्बोधन गर्नुभन्दा पीडकलाई कसरी बचाउने हो भन्ने चिन्ता लिएको सरकारले पीडकहरूको चिन्ता छ । सत्य निरूपण तथा मेलमिलाप आयोग बेपत्ता पारिएको व्यक्ति छानबिन आयोगमा आयुक्त सिफारिस गर्ने, सिफारिस समितिले आयुक्त छनौट गर्दा, राजनीतिक दलको सिफारिस गर्दा अहिलेसम्म आयोगले केही पनि काम नगरेको अवस्था छ। पीडित समुदायको बारम्बारको माग निष्पक्ष, स्वतन्त्र र सङ्क्रमणकालीन न्यायको अनुभूति विज्ञ व्यक्ति छनौट गर्नुपर्छ भन्ने मागलाई कहिल्यै सुनुवाइ भएन ।

सम्माननीय अध्यक्षज्यू, अहिले कानून, न्याय तथा मानव अधिकार समितिमा विचाराधीन रहेको विधेयकलाई द्वन्द्वपीडितलाई, द्वन्द्वपीडितहरूलाई सत्य, न्याय, परिपूर्ण समाधान दिने पीडितलाई न्याय दिने विधेयक बनोस्, तत्कालीन अवस्थाका सशस्त्र द्वन्द्वको नेतृत्व गर्ने सम्माननीय प्रधानमन्त्रीज्यू, मानव अधिकार समिति सम्बन्धित मन्त्रालय सरकारसँग सम्माननीय अध्यक्षमार्फत जोडदार माग गर्दछु।

सम्माननीय अध्यक्षज्यू, सशस्त्र द्वन्द्वको नेतृत्व गर्ने र विद्रोही पक्षबाट शान्तिसम्झौता गर्ने एक हस्ताक्षर कर्ता स्वयं प्रधानमन्त्री पुष्पकमल दाहाल हुनुहुन्छ। अर्को हस्ताक्षरकर्ता आदरणीय नेता गिरिजा प्रसाद कोइराला हुनुहुन्थ्यो। अहिले हामीबिच उहाँ हुनुहुन्न। देशको कार्यकारी प्रधानमन्त्री तथा द्वन्द्व, शान्ति प्रक्रिया दुवैको नेतृत्वकर्ता पटक पटक प्रधानमन्त्री हुँदा पनि शान्ति प्रक्रियाले पूर्णता नपाउनु, द्वन्द्वपीडित अझै पीडित बनेर बस्नुपर्ने यो कस्तो विडम्बनापूर्ण दुःखद् कुरा हो म अध्यक्षज्यूमार्फत सरकारसँग प्रश्न गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, म आफैं पनि द्वन्द्वपीडित महिला हुँ । नेपाली कांग्रेसमा आस्था राखेकै कारण मैले मेरो श्रीमान् गुमाउनु पऱ्यो । त्यो घटना सम्झँदा अहिले पनि कहाली लागेर आउँछ। बहुदलीय व्यवस्थामा एउटा कुनै दलमा लाग्नु प्रजातान्त्रिक पद्धति, प्रणालीमा विश्वास गर्नु कुनै सिद्धान्तको पक्षपोषण गर्नु अपराध थिएन, त्यो त नागरिकको आफ्नो स्वतन्त्रताको कुरा थियो, मौलिक अधिकारको कुरा थियो। द्वन्द्वको कुरा हो भनेर हो जति पीडा भएपनि सहनै पर्दो रहेछ, म मात्र होइन राज्य र सशस्त्र विद्रोही दुवै पक्ष म जस्तै पीडित एकल महिला मात्र ९ हजार भन्दा बढी

छन् । राज्य र विद्रोही दुवै पक्षबाट बेपत्ता पारिएका पीडित परिवार बेपत्ताको स्थिति के हो भनेर भन्ने कुराको जवाफ नपाए झन् बढी पीडित छन् ।त्यसैले यो विषय चाँडो भन्दा चाँडो किनारा लागुन् मानव अधिकार कानुन प्रचलित परम्परा अनुसार नै उचित दण्ड र सजायको व्यवस्था गरियोस् । गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा छुट दिने कुरा नगरियोस् । द्वन्द्व थियो, मरिसके भन्ने कुरा नगरियोस्, यसले परिवारमा प्रतिशोधको भावना रहन्छ, जसले दिगो र स्थानीय शान्ति कायम गर्न सक्दैन । यसका साथै अनिवार्यरूपमा पीडितहरूलाई परिपूर्णको व्यवस्था पनि गरियोस् र पीडकको घाउमा मलमपट्टी लगाइयोस् भनी म अध्यक्षमार्फत नेपाल सरकारसँग जोडदार माग गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, अहिले देशलाई शान्ति चाहिएको छ। समृद्धि र विकास चाहिएको छ, शान्ति, समृद्धि र नेतृत्व कसले गर्ने भन्ने विषयमा स्वस्थ प्रतिस्पर्धा गरौं, त्यो विषयको राजनीति गर्न हाम्रो प्रजातन्त्रले सबलाई ठिक दिएकै छ तर सत्य निरूपण तथा मेलमिलापको विषयमा अनावश्यक राजनीति नगरौं र त्यसलाई दलको जित हारको विषय नबनाऔं।

सबै दललाई र नेताहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत म विनम्रपूर्वक अपिल गर्न चाहन्छु। विषयमा पीडित पक्षलाई सबैले जिताउने कुरा नसोचौं। त्यो नै राष्ट्रको जित हुनेछ। साँचो अर्थमा मानव अधिकारको पालना हुनेछ। यो अवस्थामा नेपाल शान्ति प्रक्रियाले विश्वलाई समेट्न नयाँ सन्देश दिनेछ।

सम्माननीय अध्यक्षज्यू, नागरिक हक अधिकार उन्मुक्तिका गणतन्त्र, लोकतन्त्रका, समाजवादका नारा लगाएर देशमा १० वर्ष द्वन्द्व भयो। द्वन्द्वका क्रममा होमिएका द्वन्द्वरत पक्ष र तत्कालीन सरकार पक्षका मान्छे मात्र मारिएनन् कसैलाई राजनीतिक आस्थामा कसैलाई गलत सुराकीको आधारमा घरमा खाना खाँदै गरेको अवस्थामा, स्कुलमा पढाउँदै गरेको अवस्थामा, घाँस दाउरा काट्दै गरेको अवस्थामा मारिएका थुप्रै मृतकका परिवार विचल्ली हुँदाहुँदै पनि बाल बच्चा सम्हालेका, बसेका पीडित परिवारलाई २/४ लाख दिएर सरकार उम्कने काम मात्र गरेको छ। पीडित परिवारका बालबालिकाहरू कहाँ छन्? के गर्दै छन् भनेर बुझ्यो त कहिले त पीडित परिवारलाई राहत दिंदा पनि विरोध गरेका हामीले देखेका छौं र सुनेका छौं । मान्छेमा २/४ लाखमा किन्न पाइन्छ।

सम्माननीय अध्यक्षज्यू, आज सरकारले गरेका गतिविधिहरू भ्रष्टाचार, अनियमितता, राष्ट्रप्रतिको घात, कुशासन देखेर यो व्यवस्थाका लागि लडेर प्राणको आहुति दिने सहिदहरू, विनाकारण मारिएका निर्दोष व्यक्तिहरूको आत्मा भड्किरहेको छ ।सम्माननीय अध्यक्षज्यू, धन्यवाद। जय नेपाल ।

<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य गोपी बहादुर सार्की आछामी। समय १५ मिनेट ।

(१४:३७ बजे)<u>माननीय गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम यो SEE परीक्षामा उत्कृष्ट अङ्क ल्याउन उत्तीर्ण हुन सफल हुनु सबै विद्यार्थी भाइबहिनीहरूलाई हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु र उहाँहरूले उच्च शिक्षा हासिल गर्ने र देश निर्माणमा लाग्ने एउटा अवसर उहाँहरूलाई छ। र त्यो अवसर उहाँहरूले पूरा गर्नु हुनेछ भन्ने विश्वास पनि म व्यक्त गर्न चाहन्छु। जति पनि उत्तीर्ण हुन नसक्नु भएका विद्यार्थी भाइबहिनीहरूको पुनः परीक्षा सफलताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। त्यस्तैगरी हाम्रो संसद सचिवालयका कर्मचारी साथीहरूले जेठको २१ गतेदेखि निरन्तर क्रमबद्धरूपमा तेस्रो चरणको आन्दोलनसम्म जाने क्रममा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, प्रतिनिधि सभाका सम्माननीय सभामुखसहितको सबै राजनीतिक पार्टीबाट प्रतिनिधित्व गर्नुहुने राजनीतिक दलका नेता, मुख्य सचेतकलगायतका सबैको सामूहिक र कर्मचारी साथीहरूको महासचिवदेखि सबै कर्मचारी साथीहरूको सामुहिक प्रयत्नबाट उहाँहरूका माग सम्बोधन नेपाल सरकारले गरेको छ। माननीय अर्थमन्त्रीज्यू पनि यहाँ हुनुहुन्छ। यो कार्यान्वयनको प्रक्रियामा छिटो भन्दा छिटो जाओस् र यो सफलताको निम्ति, यो कामको निम्ति अर्थमन्त्रीज्यू र नेपाल सरकार र सम्माननीय सबै दुवै सदनका आदरणीय सम्माननीयज्यूहरूलाई हार्दिक आभार पनि व्यक्त गर्न चाहन्छु।

त्यसैगरी यो बाढी पहिरो अहिले देशैभरि यस्ता घटनाहरू घटिराखेको छ। हिजो पनि लमजुङ्गको एउटै परिवारको ४ जना मरेका छन् बाढी पहिरोमा परेर। मोरङ, सुनसरी, संखुवासभा, ताप्लेजुङ्ग, इलाम, कास्की, अछामलगायतका देशैभरिका थुप्रै जिल्लाहरूमा यो मनसुनी वर्षाको कारणले गर्दाखेरि बाढी पहिरोमा परी मृत्युवरण गर्नु हुने सबै मृतकजनप्रति मेरो आफ्नोतर्फबाट दलको तर्फबाट हार्दिक श्रद्धाञ्जली पनि व्यक्त गर्न चाहन्छु। मृतकका परिवारले क्षतिपूर्ति पाउन र जतिपनि बाढी पहिरोमा धनजनको क्षति भएको छ त्यो क्षतिको मूल्याङ्कन गरेर राज्यले पीडितहरूलाई क्षतिपूर्तिको उचित प्रवन्ध गरोस् भन्ने विषय पनि म यहाँ राख्न चाहन्छु।विशेष गरेर यो अघि माननीय

गोपाल भट्टराईज्यूले भनेजस्तै विकासको अव्यवस्थित खालको हाम्रो भूगोल भनेको चाहिँ असाध्यै कलिलो पहाडको रूपमा छ। यहाँ geologist हरूले अध्ययन नगरीकन अहिले के भइराखेको छ भने विकास पनि पहुँचको आधारमा आवश्यकताभन्दा पनि पहुँचको आधारमा विकासको बाँकी कामहरू अगाडि बढाउने ७५३ वटा पालिका छ, ६७४३ वटा वडा छ अनि तहगत हिसाबले तीनै तहका सरकारहरू छन् । तीनै तहका सरकारका जनप्रतिनिधिहरूले विकास गर्ने तीव्र हुटहुटीको कारणले गर्दाखेरि जनअपेक्षा पनि त्यही खालको भएको कारणले गर्दाखेरि जुन खालको व्यवस्थित परिणाममुखी, प्रभावकारी, गुणस्तरीय विकास आवश्यकताको आधारमा गर्नुपर्ने हो, त्यसको खालको छैन।

पहाडतिर अघि माननीयज्यूले भनेजस्तै डोजर चलाएका छन्। वडाध्यक्षहरू, वडा अध्यक्ष आफैं इन्जिनियर भएका छन् । वडा अध्यक्षहरू आफैं geologist भएका छन्। वडा अध्यक्ष आफैं ओभरसियर भएका छन्, अझ सबै operator साथीहरू नै सबै इन्जिनियर भएर जतातत्तै पहाडतिर डोजर चलाउँदाको परिणाम पानीका स्रोतहरू सुक्दै गएका छन् ।पानीका मुहानहरू नष्ट हुँदै गइरहेका छन् र भूकम्पका कारणले एउटा र अर्को कुरा अव्यवस्थित ढङ्गको डोजरे विकासको कारणले भूक्षय, बाढी पहिरोको स्थिति देखिएको छ । यो बेलैमा सरकारले ध्यान दिनुपर्छ।

यस्ता खालका गतिविधिलाई विस्तारै रोक्दै नजाने हो भने पहाडमा बस्ती पनि छैन, बस्ती विस्थापित हुँदै गएको छ। त्यो बस्ती सहर र मधेसकेन्द्रित छ र अलिअलि काम गर्न सक्ने पढेलेखेका पनि शारीरिक हिसाबले पनि चुस्त, दुरूस्त भएका युवा साथीहरू विदेशतिर छन्। गाउँमा जम्मै बुढापाकाहरू मात्रै छन्। खेतीयोग्य जमिन बाँझो हुँदै गइरहेको छ, खेती पनि गर्ने मान्छेहरू पनि छैनन्। घर रुँघ्ने मान्छेहरूको अभाव जस्तो देखा परिरहेको छ, यो स्थितिलाई हामीले बेलैमा सोचेर एउटा छलफल बहसको आवश्यकता छ।

राष्ट्रियस्तरका गौरवका आयोजनाहरूलाई वर्गीकरण गरेर त्यही हिसाबले अलि रूपान्तरणकारी खालका परिणाम दिने खालका आयोजनाहरूलाई त्यही हिसाबले अरू सानातिना विकासका आयोजनाहरूलाई हामीले त्यही हिसाबले व्यवस्थित गरेर, त्यहाँको माटो सुहाउँदो, त्यहाँको आवश्यकताको आधारमा त्यहाँको चाहिँ भूगोल सुहाउँदो खालको विकास व्यवस्थित नगर्ने हो भनेदेखि यस्ता खालका प्राकृतिक प्रकोपहरू क्रमशः घट्दै र बढ्दै जाने यो चुनौती पनि हामीले देखिराखेका छौं र यसलाई ध्यान दिनुपर्छ।

यो पहाडमा बाढी पहिरोको समस्या अनि भित्री मधेसतिर आउँदा त्यो ओभर डिपोजिट खोलाहरू, साना खहरे खोलाहरू छन्, त्यसपछि खहरे खोलाहरू क्रमशः ठुला नदीहरूमा मिसिँदै जाने क्रममा माथितिर पहाडबाट बगेर आएको माटो ढुङ्गा गिटी बालुवाले नदीको सतह पुरेर गएको छ, नदीको सतह यसरी बढिरहेको छ कि पुरिँदै गएको छ, कि त्यो बस्तीको लेबलको बराबरी जस्तो हुँदाखेरि बाढी बस्तीतिर जाने र खेतीयोग्य जमिनतिर जाने यो खालको समस्या पनि हामीले देखिराखेका छौं । त्यसमा हामीले भएका ती ढुङ्गा, गिटी र बालुवा जो ओभर डिपोजिट भएर बसेको छ त्यसलाई सरकारकै निगरानीमा स्थानीय तहको सरकार, प्रदेश तहको सरकार र केन्द्रिय तहको सरकारले पोलिसी लेबलमा, समन्वय गर्ने तहमा र action को तहमा हामीले कार्यविभाजन गरेर जाने हो भने मैले के पनि गरेको छु भने नदीको आम्दानी नदीमै लगानी। त्यसो गर्दाखेरि नदीबाट आएका नदीजन्य पदार्थहरू बेचेर आएको स्रोतलाई त्यही नदी नियन्त्रणको लागि प्रयोग गर्न सक्यौं भने नदी उकास क्षेत्रका जग्गा जमिनलाई पनि प्रयोग गर्न सक्छौं नदी पस्ने कुरामा नियन्त्रण गर्न सक्छौं। डुबान र कटानका जति पनि समस्याहरू छन् त्यसलाई क्रमशः नियन्त्रण गर्दै जान सक्ने राम्रो सम्भावना छ यसलाई पनि हामीले राम्रोसँग अध्ययन अनुसन्धान गर्न जरूरी छ। विशेष गरेर चाहिँ मोरङ्गमा विराटनगर अहिले डुबानमा छ। मैले चाहिँ कहिलेकाहीँ के पनि भन्छु भने माथि टोपी पनि छ, कोट पनि छ, टाई पनि लगाएको छ, तलचाहिँ हाफ पाइन्ट लगाएको जस्तो विकासको त्यो खालको मोडल, त्यहाँ विराटनगरको एयरपोर्ट जाने ठाउँमा डुबिरहेको छ। सामान्य ढङ्गले मोटरसाइकल, साइकल कुनै भेहिकलहरू लिएर जान सक्ने स्थिति मैले देखिरहेको छैन। माथि चाहिँ पूरै झिलीमिली बत्तीहरू राखेर सेल्फी खिच्न बिहान बेलुका विशेषगरी बेलुकाखेरि त्यहाँका भाइबहिनीहरू सेल्फी खिच्न जान्छन्, रमाइलो गर्छन् तल पानी छ, ढल व्यवस्थित गरको छैन। सिंघिया खोला र केसलीया खोलाको पानी बस्तीतिर गइराखेको छ। अहिले २५९ वटा घर डुबानमा छन् त्यहाँका मान्छेहरू विस्थापित छन् । करिब करिब १२०५ जना मान्छेहरू विस्थापित भएर, सरकारी स्कुलहरू, निजी प्राइभेट स्कुलहरू, अरू सामुदायिक संस्थाहरूमा गएर आश्रय लिएर बसिरहेका छन्। त्यो व्यवस्थित खालको इन्जिनियर नभएकोले गर्दा यी समस्याहरू आइरहेको छ। यसलाई व्यवस्थित ढङ्गले व्यवस्थापन गर्न आवश्यक छ भन्ने विषय म राख्न चाहन्छु।

त्यसैगरी, अघि पूर्ववक्ता माननीयज्यूले पनि राख्नुभयो यो द्वन्द्वसँग सम्बन्धित विषय आज मैले त्यो विषय पनि छलफलको विषय बन्न पर्छ भन्ने हिसाबले विषय राख्न खोजेको थिएँ। हामी सबै क्रान्ति र विद्रोहकै उपज हौं चाहे त्यो नेपाली कांग्रेस होस्, २००७ सालको सेरोफेरोमा नेपाली

काांग्रेसले पनि सशस्त्र क्रान्ति नै गरेको हो । हतियार नै उठाएको हो । २०२८ सालमा झापा विद्रोहबाट जन्मेको नेकपा माले हुँदै एमाले हामीले १० वर्षको जनयुद्ध २०५२ देखि २०६२ सम्म १० वर्षको सशस्त्र क्रान्तिबाट हामी अगाडि आयौं र त्यसपछि पनि कतिपय राजनीतिक पार्टीहरूले मधेस आन्दोलनको रूपमा कतिपय जातीय क्षेत्रीय मुक्ति आन्दोलनको रूपमा थुप्रै विषयहरू लिएर आन्दोलन गर्दै आएकै पार्टीहरू नै सत्ताको सेरोफेरोमा कहिले सत्तापक्षको, कहिले प्रतिपक्षको रूपमा हामी यही सेरोफेरोमा छौं। पीडा तपाई हामी सबैलाई छ, जो हामी आन्दोलनमा प्रत्यक्ष परोक्षरूपमा भूमिका खेल्यौं, यो परिवर्तनको लागि र ठुलो परिवर्तन पनि भयो, २४० वर्ष पुरानो हामीले सामन्ती राजतन्त्रलाई अन्त्य गरेर संघीय लोकतन्त्र, गणतन्त्र स्थापित गर्‍यौं । नयाँ संविधान बन्यो । समावेशी तीन तहको जसरी हामीले परिकल्पना गर्‍यौं । त्यो पूर्ण ढङ्गले कार्यान्वयनको दिशातर्फ अगाडि बढिराखेको छ । तर पीडा यहाँ कहाँ परिराखेको छ? के भइराखेको छ भने शान्ति प्रक्रिया टुङ्गिएको छैन।

यो सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषयलाई हामीले नटुङ्ग्याउँदा, शान्ति प्रक्रियालाई नटुङ्ग्याउँदा द्वन्द्वरत पक्षहरूको बिचको समस्यालाई टुङ्ग्याउँन नसक्दा फेरी द्वन्द्व बल्झिराख्ने जस्तो मैले त्यो अनुभूत पनि गरेको छु भर्खरै मात्र सिन्धुली जिल्ला अदालतले यही २३ गते ५८ सालदेखि मुल्तवीमा रहेको एउटा मुद्दालाई अगाडि बढाउने भनेर निर्णय गरेको छ । त्यसमा हामी पनि जोडिएका छौं । कतिपय त्यहाँ भएका नेता साथीहरू त हुनुहुन्थ्यो होला, कतिपय नेता साथीहरू बाहिर कार्यक्षेत्र भएका त्यो जिल्लाको भूगोल युद्धकालभरि पनि नटेकेका साथीहरू पनि हुनुहुन्छ र ४/५ जना साथीहरू शेरमान कुँवर, मोहन चन्द्र गौतम, अम्बर सिंह गुरूङलगायतका ५/६ जना साथीहरू खुमन देवकोटालगायतका जनयुद्धमा मारिसक्नु भयो । उहाँहरूको नाममा पनि मुद्दा छ । कतिपय बेपत्ता पारिनु भयो चित्रलाल श्रेष्ठलगायतका नेता साथीहरू बेपत्ता पारिनु भयो उहाँहरूको नाममा पनि मुद्दा छ। कतिपय हामी विभिन्न पार्टीमा छौं, माओवादी मात्र छैन अर्को वादी कुन वादि सबैतिर लागेका साथीहरू, कोही एमाले भएका साथीहरूको नाममा पनि मुद्दा छ, कोही बाबुराम भट्टराईसँग गएका साथीहरूसँग मुद्दा छ, कतिपय विप्लवसँग गएका साथीहरूको नाममा मुद्दा छ।

यो सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषय हामीले विस्तृत शान्तिसम्झौता हुँदै १२ बुँदे सहमति हुँदै यता आइसकेपछि एउटा सङ्क्रमणकालीन न्यायको प्रक्रियाबद्ध टुङ्ग्याएर जाने भन्ने चाहिँ राजनीतिक पार्टीहरूको बिचमा सहमति भएको छ समझदारी भएको छ, यो विषय टुङ्गो नलाग्दाखेरि TRC विधेयक अहिले समितिमा छलफलमा छ। त्यो विषय टुङ्गो नलग्दाखेरि फेरी पनि

हामी परिवर्तनको सुखद् अनुभूति गरिरहेका छौं। यो राम्रो पक्ष हो। अर्को फेरी चुनौती पनि अनुभूति गरिरहेका छौं। यही विषयहरू नटुङ्गिदाखेरि फेरी कतै न कतै कुनै न कुनै रूपमा द्वन्द्व जिवितै रहने हो कि, त्यसका बिउहरू जिवितै रहने हुन् कि? राष्ट्र फेरी समस्यामा जाने हो कि? अहिले हामी राष्ट्र निर्माणको अभियानमा छौं । शान्ति प्रक्रियालाई टुङ्ग्याउँदै हामी सुशासनको पक्षमा, सामाजिक न्यायको क्षेत्रमा, आर्थिक समृद्धिको क्षेत्रमा नारा पनि दिएको छौं। समृद्ध नेपाल र सुखी नेपाली भनेर गरेका छौं भनेपछि यसलाई हामीले छिट्टै नटुङ्ग्याईकन राष्ट्र निर्माणमा हामी जुट्ने कुरालाई सहयोगी ढङ्गले अगाडि बढ्ने कुरालाई हामीले गम्भीरतापूर्वक नलिईकन यो अगाडि बढ्न सक्दैन । हामी सबैले न्याय पाउन पर्छ, देशले न्याय पाउनुपर्छ र परिवर्तनकारी आन्दोलनले न्याय पाउनुपर्छ भन्ने विषय राख्दै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु। हवस् त । अभिवादन । नमस्ते ।

(१४:५३ बजे)**सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको पत्र प्राप्त हुन आएको छ अब उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप यादव संयुक्त राज्य अमेरिकामा सञ्चालन हुने International Dialogue on Sustainable Financing for Non-communicable Diseases and Mental Health मा सहभागी हुन सम्बत् २०८१ साल असार ६ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वाला कुमारी साहले सम्हाल्ने गरी तोक्नु भएको बेहोरा अनुरोध गर्दछु।

लीलादेवी गतौंला
सचिव
२०८१ असार ९ गते

माननीय सदस्यहरू, अब राष्ट्रिय सभाका सचिव डा सुरेन्द्र अर्याललाई विनियोजन विधेयक २०८१ का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउँछु।

(१४:५४ बजे)<u>राष्ट्रिय सभा सचिव डा. सुरेन्द्र अर्याल</u>ः- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधिसभाबाट पारित भएको विधेयकको सन्देश प्राप्त हुन आएको छ। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३३ (क) को व्यवस्थाबमोजिम उक्त सन्देश सभासमक्ष जानकारी गराउँछु।

श्री सचिव

राष्ट्रिय सभा

विषयः सन्देशसहित विधेयक पठाइएको ।

सम्वत् २०८१ साल असार ११ गते मंगलबार बसेको प्रतिनिधि सभाको बैठकले विनियोजन विधेयक, २०८१ लाई प्रस्तुत संशोधनविना पारित गरेकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२७ को उपनियम १ बमोजिम सन्देशसहित विधेयक पठाइएको बेहोरा अनुरोध गर्दछु।

पद्मप्रसाद पाण्डेय

महासचिव

२०८१ असार ११ गते

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभाको नियमावली २०७५ को नियम १३३ (क) को उपनियम १ को व्यवस्था बमोजिम उक्त सन्देश यस सम्मानित सदनसमक्ष टेबुल गर्दछु। धन्यवाद ।

(१४:५५ बजे)<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री वर्षमान पुनलाई राष्ट्रिय सभा नियमावली २०७५ को नियम १३३ (क) को उपनियम २ बमोजिम विनियोजन विधेयक, २०८१ सभासमक्ष प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१४:५६ बजे)<u>माननीय अर्थमन्त्री वर्षमान पुन</u>ः- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट रकम खर्च गर्नेसम्बन्धी अधिकार दिन सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो। प्रस्तुत विधेयकले संघीय सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा तथा कार्यहरूको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १३३ (क) को उपनियम २ बमोजिम विनियोजन विधेयक, २०८१ लाई यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:५७ बजे)<u>**सम्माननीय अध्यक्ष**</u> :- माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक आजै २० मिनेटपछि बस्ने गरी यो बैठक यही स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै २० मिनेटपछि बस्ने गरी गरी यो बैठक स्थगित भयो)।

स्थगितः १४:५७ बजे।